मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
✆ 9808835198
✆ 9802592799
✆ 9803474311
✆ 9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

**देशको मुख्य समस्या भनेको स्थिर सरकार नहुनु हो: मृगेन्द्रकुमारसिंह यादव**



पृष्ठ ७ मा

● वर्ष ३ ● अंक १२३ ● २०८१ साल फागुन २९ गते बिहीबार ● Thursday 13, March 2025 ● सूर्योदय: बिहान ६:१६ बजे ● सूर्यास्त: साँझ ६:१२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## मेनरोड विस्तारका लागि बाटो खुला



**मधेशदृष्टि**
**वीरगंज ।**
सर्वोच्च अदालतले त्रिभुवन राजपथमा पर्ने वीरगंजको मुख्य सडक (मेनरोड) विस्तारसम्बन्धी मुद्दामा सरकारको पक्षमा फैसला गरेको छ । पटकपटक पेसी सर्दै आएको मुद्दामा सर्वोच्च अदालतले बुधबार विपक्षीको रिट खारेज गर्दै सरकारका पक्षमा फैसला गरेपछि झण्डै १२ वर्षदेखि अन्योलमा परेको वीरगंजको मेनरोड विस्तारका लागि बाटो खुलेको छ ।

बुधबार सर्वोच्च अदालतका न्यायाधीशद्वय विनोद शर्मा र महेश शर्माको संयुक्त इजलाशले मेनरोड विस्तारविरुद्ध विपक्षीले हालेको रिट खारेज गरेसँगै अब मेनरोड विस्तारका लागि बाटो खुलेको हो । त्रिभुवन राजपथअन्तर्गत पर्ने वीरगंजको गण्डक चोकदेखि पावर हाउस, घण्टाघर, आदर्शनगर, रजतजयन्ती चोक, शंकराचार्यद्वार हुँदै मितेरीपुलसम्मको मेनरोड २५–२५ मिटर विस्तार गर्ने सडक विभागको निर्णय खारेजी माग गर्दै त्यस क्षेत्रका १ हजार २ सय घरधनीले सर्वोच्च अदालतमा २०७६ कात्तिक ७ गते रिट हालेका थिए ।

रिटमा सरकारको निर्णय खारेज हुनु पर्ने, सडक विस्तार गरिए मुआब्जा पाउनुपर्ने, वीरगंजमा अन्य वैकल्पिक सडक निर्माण भएकाले मेनरोड विस्तार आवश्यक नरहेको र सरकारले त्रिभुवन राजपथको एलाइमेन्ट परिवर्तन गरेर परवानीपुरदेखि आइसिपीसम्मको ६ लेनको व्यापारिक राजमार्गलाई त्रिभुवन राजपथ कायम गर्ने निर्णय गरेको मागदाबी गरिएको थियो । तर सर्वोच्चले मुद्दाको पटकपटक पेसी सारेर टुङगो नलगाइ दिएका कारण १२ वर्षदेखि वीरगंजको सडक विस्तारको काम शुरु नहुँदै रोकिएको थियो । मुद्दाको २७ औं पेशी मंगलबार परेको थियो । तर मंगलबार दुवैतर्फको बहस नसकिएका कारण मुद्दा हेर्दाहेर्दैमा राखिएकामा बुधबार फैसला आएको हो ।

सर्वोच्चमा नेपाल सरकारका तर्फबाट नायब महान्याधिवक्ता सन्जीव बहादुर श्रेष्ठ तथा वीरगंज महानगरपालिकाका तर्फबाट अधिवक्ता ईश्वर बराल, सुरेश पोखे्रल र धनबहादुर थापाले बहस गरेका थिए । यस्तै, विपक्षीका तर्फबाट वरिष्ठ अधिवक्ता हरिहर दाहाल, श्याम खरेल, शम्भु थापा, जितेन्द्र ताम्राकारसहित १० अधिवक्ताले बहस गरेका थिए । बुधबार सर्वोच्चका न्यायाधीशद्वय विनोद शर्मा र महेश शर्माको संयुक्त इजलाशले सरकारको निर्णय खारेजी माग राखेर सर्वोच्चमा विपक्षीले हालेको रिट खारेज गरेसँगै मेनरोड विस्तारका लागि मार्गप्रशस्त भएको वीरगंज महानगरपालिकाका तर्फबाट बहस गरेका अधिवक्ता एवम् महानगरका कानून अधिकृत ईश्वर बरालले बताए । तर सर्वोच्चको फैसलाको पूर्ण पाठ आउन बाँकी छ ।

## सम्पत्ति सार्वजनिक नगर्नेले सुशासनको कुरा किन ?



**मधेशदृष्टि**
**काठमाडौँ ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष एवम् सांसद प्रभु साहले सरकार बनेको ८ महिनासम्म पनि प्रधानमन्त्री र मन्त्रीको सम्पत्ति विवरण सार्वजनिक नगर्नेले सुशासनको गफ मात्रै दिएर सुशासन कायम हुन नसक्ने बताएका छन् ।

प्रतिनिधि सभामा बुधबार पेस हुन लागेको 'सुशासन प्रवद्र्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०८१ प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना राख्दै सांसद साहले आफ्नो सम्पत्ति सार्वजनिक गर्न नसक्ने सरकारले कसरी सुशासनको कुरा गर्न सुहाउँछ भन्ने प्रश्न गरे ।

विरोध गर्नुको कारणबारे बोल्दै सांसद साहले सोधे, 'मन्त्रीहरू र प्रधानमन्त्रीको सम्पत्ति विवरण कहिले सार्वजनिक हुन्छ ?' संसद छलेर अध्यादेश ल्याउने सरकारले सुशासनको गफ गर्न नसुहाउने उनले बताए । नेपाली जनताले आफ्नो कुनै पनि काम गराउन जाँदा टेबुलटेबुलमा फाइल घुमाउने र घुस, भ्रष्टाचारबिना काम नहुने अवस्था रहेको बताउँदै यस्तो लुट भइरहेका बेला सरकारले कस्तो सुशासन कायम गर्न खोजेको भन्दै उनले प्रश्न गरे ।

उनले सुशासनका लागि पारदर्शिता आवश्यक पर्ने भए पनि वर्तमान केपी शर्मा ओली नेतृत्वको सरकार कुनै पनि विषयमा

*बाँकी पृष्ठ २ मा*

## भारतीय अपराधीलाई नागरिकता



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जिल्ला प्रशासन कार्यालय धनुषाले जारी गरेको नागरिकताका आधारमा भारतीय अपराधी फिलिपिन्स भागेको पाइएको छ । यो घटनापछि धनुषा प्रशासनको नागरिकता वितरणमा प्रश्न उठेको छ ।

भारतीय प्रहरीले फिलिपिन्सबाट पक्राउ गरेर भारत ल्याएका मोस्ट वान्टेड अपराधीसँग नेपाली नागरिकता बरामद भएको छ । कुख्यात अपराधी जोगा डन भनिने जोगिन्दर गेओङसँग नेपाली नागरिकता भेटिएको हो । नागरिकताकै आधारमा उनले पासपोर्ट बनाएर भारतमा मोस्ट वान्टेड भएपछि फिलिपिन्स भागेको पाइएको छ ।

भारतीय प्रहरीले इन्टरपोलमार्फत फिलिपिन्सबाट पक्राउ गरेका व्यक्तिको साथमा नेपालको नागरिकता पाइएपछि नेपाली नागरिकताबारे चासो बढेको हो । भारतको दिल्ली पुलिसले अनुसन्धानक्रममा सोधपुछ गर्दा जोगिन्दर सात वर्षअघि नेपाल आएर बसेको र बसेको दुई वर्षमै नेपाली नागरिकता बनाएर नागरिकताका आधारमा पासपोर्ट बनाएर फिलिपिन्स भागेको पाइएको हो ।

जोगिन्दरले धनुषा जिल्ला प्रशासन कार्यालयबाट नागरिकता लिएको भेटिएको छ । यसअघि पनि धनुषा जिल्ला प्रशासन कार्यालयबाट नक्कली नागरिकता जारी भएको भेटिएपछि अनुसन्धान हुँदा कैयौँ कर्मचारी कारबाही भोग्न बाध्य भएका थिए । यसपटक त झन मोस्ट वान्टेड अपराधीसँगै नेपाली नागरिकता भेटिएपछि धनुषा प्रशासको कामकारबाहीबारे प्रश्न उठेको छ । भारतीय प्रहरीले अनुसन्धानक्रममा नेपाली नागरिकता र पासपोर्टका आधारमा फिलिपिन्स उडेको पाइएपछि नेपालस्थित भारतीय दुतावासको सहयोगमा थप अनुसन्धान अगाडि बढाएको थियो । नेपालको अध्यागमन विभागले पनि भारतीय कुख्यात अपराधी जोगिन्दर नेपाली नागरिकता र पासपोर्टको आधारमा पाँच वर्षअघि फिलिपिन्स उडेको पुष्टि गरेको छ ।

२०२४ फेब्रुरीमा नेपाल आएका जोगिन्दर १५ दिन बसेर पुनः फिलिपिन्स फर्केकोसमेत पाइएको छ । भारतमा सांसदसँग फिरौती असुलेको र कैयौँ नागरिकको हत्या घटनामा मुछिएका जोगिन्दरले नेपालबाट कसरी नागरिकता प्राप्त गरे भन्ने विषयमा अनुसन्धानको विषय भएको छ । धुनषा प्रशासनबाट नेपाली नागरिकता सहजै पाइने त होइन भन्ने प्रश्न पनि उठेको छ ।






# सम्पत्ति सार्वजनिक नगर्नेले सुशासनको...

पारदर्शी नभएको उनले बताए । पूर्वमन्त्रीसमेत रहेका आजपा अध्यक्ष साहले भ्रष्टाचार गरेको सम्पत्ति वैध बनाउन विधेयक ल्याउन लागिएको आरोप लगाए । भाषणमा सुशासनको गफ गरे पनि सरकार पारदर्शी नदेखिएको र भ्रष्टाचारलाई बढावा गरेको देखिने उनले बताए । 'संसद् बोलाउने बेला अध्यादेश ल्याउने कुरा सुशासन हुन्छ ? विधिको शासन भनेको यही हो ?,' उनले प्रश्न गरे ।

सरकारी सम्पत्ति भागबण्डा, राजनीतिक भागबण्डाका लागि विधेयकमा दर्जनौँ ऐन जोडेर जनतालाई भ्रमित गर्ने एउटा कुरा ल्याएर अर्को ठाउँमा जोड्ने, घुसाउने, संसदमै छलफलमा रहेको विधेयकमा समेत अपारदर्शी रुपमा बढाएर भ्रष्टाचार, कुशासन, अनियमिततालाई बढावा दिने काम भएको उनले बताए । विधेयक सभामा प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि सांसदहरू साह, प्रकाश ज्वाला, प्रेम सुवाल, हितराज पाण्डे, चित्रबहादुर केसी, दुर्गा राईले विरोधको सूचना दर्ता गरेका थिए ।

**नेताको कुकर्मले गणतन्त्र बदनाम**

आम जनता पार्टी (आजपा) का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले नेताको कुकर्मका कारण गणतन्त्र बदनाम भएको टिप्पणी गरेका छन् । तेस्रो जनआन्दोलन घोषणा गरेका साहले भ्रष्ट एवम् दलाल दलतन्त्रबिरुद्ध तेस्रो जनआन्दोलनको विकल्प नभएको बताए ।

सामाजिक सञ्जाल फेसबुकमा भिडियो अपिल जारी गर्दै उनले चैत २४ गते दलाल दलतन्त्रको अन्त्य हुने घोषणा गरेका छन् । आजपाले चैत २४ गते काठमाडौँको भृकुटीमण्डपमा खबरदारी सभा एवम् काठमाडौँमा प्रदर्शन गर्दैछ । त्यसैको पूर्वसन्ध्यामा साहले जारी गरेको भिडियो अपिलमा दलतन्त्र अन्त्य नै वर्तमान संकटको समाधान भएको जनाएका छन् । साहले भने, 'कसैको अगाडि कहिल्यै नझुकेको हाम्रो गौरवशाली इतिहास दलालीले पोतिदैछ । नेपाली जनताको सपना खोसिएको छ ।'

केही गर्न विदेशै जानुपर्ने बाध्यात्मक स्थिति शासकले निर्माण गरेको आरोप उनले लगाए । पढ्नेदेखि रोजगारीका लागि विदेशिने क्रम बढेको बताउदै यो सबै अवस्थाको सृजना शासनमा रहेका नेताले निर्माण गरेको उनले बताए । 'अर्थतन्त्र डमाडोल छ, व्यापार घाटामा छ, नेताहरुको अत्याचार र भ्रष्टाचार बढेको छ ।

सुशासन सुनशासन छ, विकास बिलाएको छ, कर आतंक छ, महंगी आतंक छ । हाम्रो प्राकृतिक सम्पदाहरुको खुलेयाम बिक्री र दोहन भइरहेको छ । जनता दिनदिनै बैदेशिक ऋणमा थिचिदैछन् । तमाम संकटको अन्त्यका लागि तपाईं हामी अगाडि आउँनै पर्छ', साहले भने ।

नागरिकलाई दास बनाउने र युवालाई लाश बनाउने पार्टी र नेताबाट आश गर्नु ठूलो धोखा हुने उनले जनाए । 'इतिहास साक्षी छ, हिजो पञ्चायती व्यवस्थामा पञ्च मोटाए, दलतन्त्रमा दलका नेताहरु मोटाइरहेका छन् । त्यसैले जनता मोटाउन जनताको शासन चाहिन्छ ।

जनताको शासनका लागि दलतन्त्रको अन्त्य हुन आवश्यक छ । त्यसैले आजपाले आह्वान गरेको जनताको शासनका लागि तेस्रो जनआन्दोलनमा सहभागी हुन चैत २४ गते काठमाडौँको भृकुटीमण्डप जाऔँ,' आजपा अध्यक्ष साहले भने । गतवर्ष चैत २४ गते आजपा अध्यक्ष साहले काठमाडौँको भृकुटीमण्डपबाट दलाल दलतन्त्रविरुद्ध तेस्रो जनआन्दोलन घोषणा गरेका थिए ।

# होली विकृतिरहित बनाऔँ

**आरके श्रीवास्तव**
**रौतहट ।**




नेकपा एसका मधेश प्रदेश सदस्य एवम् गरूडा नगरपालिकाका मेयर प्रत्यासी बृजकिशोर यादवले होली विकृतिरहित बनाउनु पनि संस्कृतिको सम्मान हुने बताएका छन् । गरूडा नगरपालिका वडा नम्बर ५ महम्मदपुरमा आयोजित होली मिलन समारोहमा उनले यस्तो बताएका हुन् । होली पर्व सद्भाव र एकताको पर्वका रूपमा रहेकाले यसलाई आत्मसात् गरी होली पर्व मनाउन उनको आग्रह थियो ।

मदिरारहित होली पर्व मनाउन मेयर प्रत्यासी यादवको अनुरोध थियो । त्यस्तै समारोहमा नेकपा एसका नगर कमिटी अध्यक्ष अशोक यादवले एकअर्काप्रति रहेको इष्र्या त्यागेर सद्भावपूर्ण होली मनाउन आग्रह गरे । गरुडा नगरपालिका वडा नम्बर ५ का वडा अध्यक्ष रामबिनोद जयसवालले सदियौँदेखि चल्दै आएको होली कुनै किसिमको भेदभाव नगरी मनाउन आग्रह गरे । कार्यक्रममा मधेश प्रदेश कमिटी सदस्य रामभरोस यादव, रामप्रसाद यादवसहित एसका नेता कार्यकर्ता, गरूडाका नगरबासी सहभागी थिउ । गाउँका बुजुर्ग हेमाकान्त यादवको अध्यक्षतामा भएको कार्यक्रम राजेश्वर पाण्डेले सञ्चालन गरेका थिए ।

**एकता र भाइचाराको सन्देश**

गरुडा नगरपालिकाले होली मिलन समारोह गरेको छ । गरुडा नगरपालिकाका नगर प्रमुख कन्थमनी जयसवालको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा रंग अबिर साटासाटा गरी होली मिलन कार्यक्रम भएको हो ।

समारोहमा परम्परागत होली राग सांस्कृतिक कार्यक्रमसमेत गरिएको थियो । स्थानीय गायकले प्रस्तुति दिएका थिए । नगर प्रमुख जयसवालले मधेशको शान गम्छा ओढाएर सम्मान गरेका थिए ।

प्रमुख जयसवालले होलीलाई रंग र अबिरको पर्वको रुपमा मात्र नलिई सबै वर्ग र समुदायको साझा आत्मीयताको पर्वको रुपमा पनि लिनुपर्ने बताए ।

**फतुवा विजयपुरमा होली मिलन**

फतुवा विजयपुर नगरपालिकामा होली मिलन कार्यक्रम भएको छ । नेपाली कांग्रेसका स्थानीय नेता तथा महाधिवेशन प्रतिनिधि ज्ञानेन्द्र यादवले होली मिलन समारोह कार्यक्रम गरेका हुन् ।

होली पर्वमा रमाईलो गरि मनाउने सन्देश दिँदै यादवले सदभावको पर्वमा होली रमेर खेल्नु सराहनीय कार्य रहेको बताए ।

# शान्तिपूर्ण आन्दोलनलाई सरकारको बेवास्ता

**मधेशदृष्टि**
**काठमाडौँ ।**

नेपाल पिछडावर्ग (ओबिसी) महासंघले विभिन्न पाँचबुँदे माग राखेर गरिरहेको आन्दोलन १०औँ दिन जारी छ । विभिन्न पाँचबुँदे माग राखेर फागुन १९ गते सोमबारदेखि काठमाडौँको माइतीघर मण्डलामा धर्ना चलिरहेको छ ।



१० दिनदेखि धर्ना भए पनि सरकारले बेवास्ता गरेको भन्दै महासंघका अध्यक्ष गजेन्द्र ठाकुरले कडा आन्दोलन गर्न राज्यले बाध्य पारिरहेको आरोप लगाए । 'हाम्रा जायज मागमा राज्यले पूर्णरुपमा बेवास्ता गर्दै आएको छ । हामीले सम्बन्धित मन्त्रालय, मन्त्री र राजनीतिक दललाई पनि ध्यानाकर्षण गरायौँ तर कसैले सुनेनन्,' उनले थपे, 'अब हामी सडक संघर्षमा उत्रिने योजनामा छौँ ।'

पिछडावर्ग आन्दोलनमा पूर्वमन्त्री विश्वेन्द्र पासवान, नेपाली कांग्रेसनिकट नेपाल दलित संघका केन्द्रीय अध्यक्ष लोकबहादुर विश्वकर्मा, पूर्वमन्त्री केशवमान शाक्यलगायतले ऐक्यबद्धता जनाइसकेका छन् । यस्तै, पिछडावर्गको धर्नामा नेकपा माओवादी केन्द्रनिकट राष्ट्रिय दलित मुक्ति मोर्चाका अध्यक्ष दलजीत श्रीपाली, नेता लवकुश बैठक र नेकपा एसनिकट नेपाल दलित मुक्ति संगठनका अध्यक्ष गणेश विश्वकर्मासहितले बुधबार ऐक्यबद्धता जनाएका छन् ।

होलीको शुभकामना
खोज्नुहोस् भ्रातृत्व र सद्भाव रंगहरुमा
रंगिनुहोस् समुदायमैं खुशीमा, उमंगमा
बितोस् होली हर्ष एवम् उल्लासमा
बध गरौं अभिमान र घमण्डको समाजमा।
खुलेर रमाऔं, हामी रमाउँदा
अरुलाई अप्ठेरोमा नपारौं।
कानूनी सीमाहरुमा रहेर रंग दलौं,
यो समय खुशीमा बदलौं।
रंगहरुको महोत्सव होलीको
धेरैधेरै शुभकामना।
महम्मद रियाज मियाँ तेली
वडा अध्यक्ष
बीरगंज महानगरपालिका वडा नं. २

होलीको शुभकामना
खोज्नुहोस्
भ्रातृत्व र सद्भाव रंगहरुमा
रंगिनुहोस् समुदायमैं खुशीमा, उमंगमा
बितोस् होली हर्ष एवम् उल्लासमा
बध गरौं अभिमान र घमण्डको समाजमा।
खुलेर रमाऔं, हामी रमाउँदा
अरुलाई अप्ठेरोमा नपारौं।
कानूनी सीमाहरुमा रहेर रंग दलौं,
यो समय खुशीमा बदलौं।
रंगहरुको महोत्सव होलीको
धेरैधेरै शुभकामना।
बैजु लाल स्वर्णकार
वडा अध्यक्ष
बीरगंज महानगरपालिका वडा नं. ३

होलीको शुभकामना
खोज्नुहोस् भ्रातृत्व र सद्भाव रंगहरुमा
रंगिनुहोस् समुदायमैं खुशीमा, उमंगमा
बितोस् होली हर्ष एवम् उल्लासमा
बध गरौं अभिमान र घमण्डको समाजमा।
खुलेर रमाऔं, हामी रमाउँदा
अरुलाई अप्ठेरोमा नपारौं।
कानूनी सीमाहरुमा रहेर रंग दलौं,
यो समय खुशीमा बदलौं।
रंगहरुको महोत्सव होलीको
धेरैधेरै शुभकामना।
जगत प्रसाद कानु
वडा अध्यक्ष
बीरगंज महानगरपालिका वडा नं. ४

होलीको शुभकामना
खोज्नुहोस् भ्रातृत्व र सद्भाव रंगहरुमा
रंगिनुहोस् समुदायमैं खुशीमा, उमंगमा
बितोस् होली हर्ष एवम् उल्लासमा
बध गरौं अभिमान र घमण्डको समाजमा।
खुलेर रमाऔं, हामी रमाउँदा
अरुलाई अप्ठेरोमा नपारौं।
कानूनी सीमाहरुमा रहेर रंग दलौं,
यो समय खुशीमा बदलौं।
रंगहरुको महोत्सव होलीको
धेरैधेरै शुभकामना।
प्रदिप कुमार चौरसिया
वडा अध्यक्ष
बीरगंज महानगरपालिका वडा नं. ५

होलीको शुभकामना
खोज्नुहोस् भ्रातृत्व र सद्भाव रंगहरुमा
रंगिनुहोस् समुदायमैं खुशीमा, उमंगमा
बितोस् होली हर्ष एवम् उल्लासमा
बध गरौं अभिमान र घमण्डको समाजमा।
खुलेर रमाऔं, हामी रमाउँदा
अरुलाई अप्ठेरोमा नपारौं।
कानूनी सीमाहरुमा रहेर रंग दलौं,
यो समय खुशीमा बदलौं।
रंगहरुको महोत्सव होलीको
धेरैधेरै शुभकामना।
जयप्रकाश शाह अग्रवाल
वडा अध्यक्ष
बीरगंज महानगरपालिका वडा नं. ६

होलीको शुभकामना
खोज्नुहोस् भ्रातृत्व र सद्भाव रंगहरुमा
रंगिनुहोस् समुदायमैं खुशीमा, उमंगमा
बितोस् होली हर्ष एवम् उल्लासमा
बध गरौं अभिमान र घमण्डको समाजमा।
खुलेर रमाऔं, हामी रमाउँदा
अरुलाई अप्ठेरोमा नपारौं।
कानूनी सीमाहरुमा रहेर रंग दलौं,
यो समय खुशीमा बदलौं।
रंगहरुको महोत्सव होलीको
धेरैधेरै शुभकामना।
हिराकाजी महर्जन
वडा अध्यक्ष
बीरगंज महानगरपालिका वडा नं. ७

Effective from 01 Chaitra 2081 (14th March 2025)

INTEREST RATES

| Deposit | | |
|---|---|---|
| **Saving Deposit** | **Minimum Balance** | **% Per Annum** |
| Corporate Saving Account | 1,000 | 3.40 |
| CorporateNari Bachat Khata | 1,000 | 4.00 |
| CorporateSenior Saving | 1,000 | 4.00 |
| Corporate Student Saving | 500 | 4.00 |
| Corporate Bal Bachat | 1,000 | 4.00 |
| Corporate Higher Saving | 5,000 | 4.25 |
| CorporateFast Track | 10,000 | 4.50 |
| Corporate Patron | 15,000 | 4.60 |
| Super Corporate Saving | 25,000 | 5.00 |
| Corporate Golden Saving | 50,000 | 5.40 |
| Call Account | - | Up to 1.70 |
| **Recurring Account** | | |
| 3 Year Corporate Recurring | 1,000 | 6.00 |
| 5 Year Corporate Recurring | 1,000 | 6.25 |
| Above 5 Years Recurring with Fixed Deposit | 100,000 | 6.50 |
| Corporate Fixed Return | 100,000 | 6.75 |
| Corporate Fifty Fixed | 100,000 | 6.00 |

| **Fixed Deposit** | | Individual Minimum 3 Months | Institutional Minimum 6 Months |
|---|---|---|---|
| Corporate General Fixed Deposit | 10,000 | 6.25% | 5.25% |
| Corporate Fixed Deposit | 25,000 | 6.50% | 5.50% |
| Corporate Super Fixed Deposit 5 years above | 100,000 | 6.50% | 5.50% |
| Corporate Fixed Deposit for 3-24 Months | 100,000 | 7.00% | 6.00% |
| Premium Fixed Deposit for 6-24 Months | 500,000 | 7.10% | 6.10% |
| Special Fixed Deposit for 10 Months | 10,00,000 | 7.50% | 6.50% |

| Loan and Advance | |
|---|---|
| | **Premium over Base Rate (% p.a.)** |
| Business Loan | Up to 4% |
| Industrial Loan | Up to 4% |
| Home Loan | Up to 4% |
| Vehicle Loan/Auto Loan | Up to 4% |
| Education Loan | Up to 4% |
| Personal Overdraft | Up to 5% |
| Term Loan | Up to 4% |
| Agriculture Loan | Up to 2% |
| **Deprived Sector** | |
| 1. Deprived Sector Loan (Institutional) | Up to 2% |
| 2. Deprived Sector Loan (Personal) | Up to 3% |
| 3. DSL Auto Loan/Low Cost Housing/others | Up to 3% |
| Other Loan | Up to 5% |
| Loan Against Fixed Deposit | Coupon rate + 2% or Base Rate (Whichever is higher) |
| **Fixed Interest Rate on Term loan up to 15 Years:** | Base Rate +4.5% |
| Average Base Rate (Magh end 2081) | 9.69% |

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको ईजाजत पत्र प्राप्त संस्था)

**Head Office:** Geeta Mandir Road, Birgunj Parsa
Tel. No. : 051-531031
Branches: Buspark ( Bypass), Birgunj /Dryport
Shrisiya, Birgunj / Tedaroad ,chorni, (Jeetpur)

# हँसपुरमा होलीको शुभकामना आदानप्रदान सम्पन्न

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा जिल्लाको हँसपुर नगरपालिका–८ रामनगरामा लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालको वडा अधिवेशन तथा होली पर्वको शुभकामना आदान प्रदान कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ । कार्यक्रम पार्टीका सक्रिय नेता मनोज कुमार मण्डलको अध्यक्षतामा सम्पन्न भएको थियो ।
प्रमुख अतिथिका रूपमा केन्द्रीय सदस्य एवम् प्रदेश समितिका उपाध्यक्ष तथा पूर्व मेयर रामज्ञान मण्डल रहेका थिए भने विशिष्ट अतिथिका रूपमा केन्द्रीय सदस्य भोलानाथ झा, जिल्ला उपाध्यक्ष झपसी मण्डल, जिल्ला सदस्य एवम् महिला नेत्री मीना मण्डल, सचिव विजय झा, पूर्व कार्यपालिका सदस्य रामअशिष मोची, नगर सदस्य बेच्ने देवी मण्डल तथा अन्य नेताकार्यकर्ताहरूको उपस्थिति रहेको थियो । कार्यक्रमको अवसर पारेर विभिन्न पार्टी परित्याग गरी लोसपा नेपालमा



प्रवेश गर्नेहरूलाई टिका, फूलमाला र गम्छाले सम्मान गर्दै पार्टीमा स्वागत गरिएको थियो । नेपाली कांग्रेसका क्रियाशील सदस्य बद्री मण्डल औपचारिक रूपमा लोसपा नेपालमा प्रवेश गरेका छन् । वडा अधिवेशनबाट मनोज कुमार मण्डलको अध्यक्षतामा २१ सदस्यीय नयाँ समिति सर्वसम्मत रूपमा गठन गरिएको छ । उपाध्यक्षमा अशेसवर मण्डल र मोहन मण्डल खत्वे चयन भएका छन् भने सचिवमा वीरेन्द्र महरा, सहसचिवमा रसिक लाल मुखिया र जमुनी देवी मुखिया, कोषाध्यक्षमा सोनादेवी मुखिया तथा सदस्यहरूमा तरुण देवी सादा, दुख्ने देवी महरा लगायत अन्य नेताहरू चयन भएका छन् । नवगठित समितिलाई उपस्थित नेताकार्यकर्ताहरूले बधाई तथा शुभकामना दिएका थिए । यस अवसरमा होली पर्वको शुभकामना आदान(प्रदान गर्दै उपस्थित नेताहरूले एकता, सहकार्य र पार्टी सुदृढीकरणमा जोड दिएका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि रामज्ञान मण्डलले पार्टी सुदृढीकरणका लागि अधिवेशन महत्त्वपूर्ण हुने बताए । साथै, पार्टीमा प्रवेश गरेका नयाँ सदस्यहरूलाई स्वागत गर्दै उनले लोसपा नेपालको विचारधारा र नीति कार्यक्रमलाई सफल बनाउन सबै एकजुट भएर लाग्नुपर्ने बताए । कार्यक्रमले पार्टीको संगठन सुदृढीकरणमा टेवा पुग्ने विश्वास व्यक्त गर्दै स्थानीय नेता तथा कार्यकर्ताहरूले आगामी दिनमा थप सक्रिय भएर लाग्ने प्रतिबद्धता जनाएका थिए ।

# बृद्धा आश्रममा उपकार नेपालको सहयोग

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको ठोरी गाँउपालिका वडा नम्बर १ भगवाननगरमा रहेको बृद्धा आश्रममा परोपकारी संस्था उपकार सेवा नेपालले खाद्यान्न लगायत विभिन्न सामग्री सहयोग गरेको छ । अपांगता भएका व्याक्ति, बृद्धबृद्धा गरी २३ जना बस्दै आएको उक्त बृद्धा आश्रममा उपकार नेपालले हरेक महिना झै यस फागुन महिनामा पनि सहयोग गरेको हो । संस्थाकी अध्यक्ष विद्या सरावगीले दाल, नुन, खाने तेल, चना, सोयाबिन, चामल, पिठो, भुजा, चाउचाउ, बिस्कुट, सेनेटरी प्याड, डाइपर, फिनाईल, साबुन लगायतको दैनिक उपभोग्य सामाग्री आश्रमका सदस्य रामबहादुर थिङलाई प्रदान गरेको सामाजिक अभियन्ता प्रकाश थारुले जानकारी दिए ।

# विभिन्न संघ संस्थाको होली मिलन सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
विभिन्न संघ संस्थाहरुले होली मिलन कार्यक्रम सम्पन्न गरेका छन । विभिन्न स्वजातिय समूह र संस्थाको आयोजनामा होली मिलन कार्यक्रम सम्पन्न भएको हो । सोही क्रममा नेपाल युवा उद्यमी मञ्चले समेत बुधबार होली मिलन कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तिहरुको उल्लेख्य उपस्थिति रहेको थियो । यसैबीच मौलिक र परमपरागत होलीको मर्म भने लोप हुदै गएको अग्रज नागरिकको टिप्पणी छ । पहिलेको समयमा हुने होली मिलन कार्यक्रम मर्म र आस्थामा केन्द्रित रहने गरेको तर आजकाल भने आधुनिकताले छोप्दै गएको उनीहरुको प्रतिक्रिया छ ।

# नेशनल मेडिकल कलेजले मनायो होली मिलन



**मधेशदृष्टि**
**वीरगंज ।**
नेशनल मेडिकल कलेज एण्ड शिक्षण अस्पतालले होली मिलन कार्यक्रम सम्पन्न गरेको छ । रंग र उमंगको चाड होलीलाई अवसरका रूपमा उपयोग गर्दै कलेजले विशेष कार्यक्रमको आयोजना गरेको हो । कार्यक्रमको अध्यक्षता नेशनल मेडिकल कलेजका अस्पताल निर्देशक ईसरत जहाँ अन्सारीले गरेकी थिइन् । प्रमुख अतिथि नेशनल मेडिकल कलेज एण्ड शिक्षण अस्पताल की निर्देशक डा.रुबी श्रेष्ठ यासमिनले पर्वले एकआपसमा सद्भाव र एकता बलियो बनाउने बताइन् । समारोहमा वक्ताहरूले होली पर्वको महत्वका साथै अस्पतालमा अहोरात सेवा गर्दै सामाजिक तथा सांस्कृतिक कार्यक्रममा गरेको योगदानबारे चर्चा गरेका थिए । अस्पताल निर्देशक अन्सारीले होली मिलन कार्यक्रमले अस्पतालको कर्मचारी क्षेत्रमा संलग्न व्यक्तिहरूलाई नजिक ल्याउने बताउँदै आगामी दिनमा अस्पतालले अझ प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता जनाए । उनले कर्मचारीहरुबीच आपसी समन्वय र समझदारी बढाउने यस्ता अवसरहरूले संस्थागत विकासमा सकारात्मक प्रभाव पार्ने बताए । कार्यक्रममा विभिन्न विभागका कर्मचारी, चिकित्सक, विद्यार्थीहरुको उपस्थिति रहेको थियो ।

# लहानमा दुई अर्ब लागतमा सुविधासम्पन्न अस्पताल बनाइने

**मधेशदृष्टि**
**सिरहा ।**
लहान नगरपालिका–४ मा पाँच सय शय्याको मुटु र मधुमेह रोगको सुविधासम्पन्न अस्पताल बन्ने भएको छ । नेपाल हृदय रोग निवारण सङ्घद्वारा जर्मनीको 'नेपाल मेड जर्मनी' र 'रोटरी क्लब कटुस' नामक दुई अन्तरराष्ट्रिय गैरसरकारी संस्थाको दुई अर्ब रुपैयाँ आर्थिक सहयोगमा निर्माण प्रक्रिया शुरु गरिएको अस्पतालका 'कन्सल्टेन्ट फिजीसियन' डा सञ्जयप्रसाद साहले जानकारी दिए । डा साहका अनुसार लहान नगरपालिकाले उपलब्ध गराएको ११ बिघा जग्गामा अस्पताल बन्ने छभने यसको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भइसकेको छ । 'आगामी पाँच वर्षभित्र अस्पताल निर्माण गरिसक्ने



लक्ष्य छ', उनले भने । नगरपालिकाले उपलब्ध गराएको सार्वजनिक जग्गामा तत्काललाई दुईवटा भवन निर्माण गरी गत माघ ४ गतेबाट ओपिडी सेवा सञ्चालन गरिसकिएको छ, जसको सोमबार औपचारिक उद्घाटन भइसकेको छ । लहान नगरप्रमुख महेशप्रसाद चौधरी र विश्वप्रसिद्ध मुटु शल्यचिकित्सक डा कुमुद धितालले संयुक्त रूपमा उक्त नवनिर्मित भवनको उद्घाटन गरेका हुन् । उद्घाटन समारोहमा नगरप्रमुख चौधरीले लहानमा 'कार्डियो र डाइवेटिक सेन्टर' सञ्चालनमा आउनु लहानका लागि एउटा गौरवको आयोजना भएको बताए । अस्पताल बनिसकेपछि उपचारका लागि धरान, विराटनगर र काठमाडौँ जानुपर्ने बाध्यताबाट मुक्ति मिल्ने उनले विश्वास व्यक्त गरे । रासस

# मौलापुरमा विपन्नका लागि जग्गा विकासको कार्य प्रारम्भ

**मधेशदृष्टि**
**रौतहट ।**
एकीकृत दलित बस्ती निर्माण मौलापुर र मर्यादपुरको सफलतापछि मौलापुर नगरपालिकाबाट दलित तथा विपन्न नागरिकका लागि सामूहिक आवास निर्माण कार्य अन्तर्गत जग्गा विकासको कार्य प्रारम्भ भएको छ ।

दुई बिघा भन्दा बढी क्षेत्रफलमा ४० भन्दा बढी दलित तथा विपन्नहरूका लागि पक्की घर तथा आधारभूत सुविधा सहित सामूहिक बस्ती निर्माण कार्य मौलापुर नगरपालिका वडा नम्बर ९ सोनरनियामा प्रारम्भ भएको हो ।

नगरप्रमुख रिनाकुमारी साहबाट दोस्रो कार्यकालको पहिलो दिन सोनरनियामा एकीकृत बस्ती निर्माण कार्यको घोषणा गरे बमोजिम उनको निर्देशनमा उक्त योजनाको काम प्रारम्भ भएको हो । कार्यक्रममा सोनरनियाका जनप्रतिनिधि, स्थानीयको सहभागिता रहेको थियो ।

























## सम्पादकीय

# होलीको धेरैधेरै शुभकामना

तराई मधेशमा एकआपसमा रंगअबिर खेल्दै मनाइने उत्साह र उमंगको पर्व होलीको रौनकता घट्दै गइरहेको छ ।

पछिल्लो दुई–तीन वर्ष कोरोनाका कारण घटेको होली पर्वको उत्साह बढ्दो महंगी र घट्दो आयस्तरका कारण पनि रौनकविहीन हुन थालेको हो । यद्दपि होली पर्वमा उत्साह बढाउन सप्तरीका मारवाडी समुदायले विगतमा होली आगमनको दुई–तीन दिन अघिदेखि नै राजविराजको मुख्य बजार क्षेत्रमा ढोलसहित गाउने गीत र नाचगान कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिएका छन् । बढ्दो महंगी र व्यावसायिक मन्दीका कारण हरेक चाडपर्व फिक्का हुन लागेको भन्दै मारवाडी युवा मञ्चले निरासालाई उत्साहमा परिणत गर्न र परम्परालाई जोगाइराख्न पनि यस्तो कार्यक्रमलाई निरन्तरता दिएको हो ।

बढ्दो महंगीका करण सर्वसाधारणलाई घरव्यवहार चलाउन समेत समस्या भइरहेका बेला चाडपर्वले त उत्साहसँगै समस्या पनि थपिँदै गएको स्थानीयको बुझाइ छ । मारवाडी युवा समूह होलीमा उत्साह जगाउन समूह बनाएर होली गीत गाउँदै होलीको स्वागतमा लागेका छन् । मारवाडी समुदायका युवा राति ८ बजे समूह बनाएर होली गीत गाउँदै बजारको मुख्य चोकमा नाचगान गर्दै होली आगमनको प्रतीक्षा गरिरहेका छन् ।

आर्थिक मन्दी तथा घट्दो आयस्तरका कारण होली मात्र नभई अन्य चा पर्व समेतको रौनक घट्दै गएका बेला चाडपर्व विरस हुन थालेका हुन् । यसवर्ष, फागु अर्थात होली पर्व पहाडमा बिहीबार र तराई मधेशका जिल्लामा शुक्रबार परेको छ । रंगको महोत्सव होलीमा रमाउने क्रम शुरु भइसकेको छ । स्कुल, कलेजका छात्रछात्राहरु पहिले नै रंग दलेर खुशीमा रमाएका छन् । बाहिर काममा गएकाहरु पनि होली खेल्न घर फर्किएका छन् । पछिल्लो समय होलीले पहाडमा पनि आफ्नो पकड बलियो बनाएको छ ।

होलीलाई खुशी साटासाटका रुपमा मनाउने प्रचलन बढेको छ । रंगहरु दल्नेसँग डराउनु पर्ने अवस्था छैन, तर रंग बदल्नेसँग डराउनु पर्छ भनेर होलीका बेला रंगको ट्रोल बन्ने गरेको छ । समाज बदलिँदै छ । युवापुस्ता पुराना रहनसहन र सभ्यतासँग परिचित हुन छाडेका छन् । डिजिटल दुनियाँमा अभ्यस्त हुन थालेका छन् । यसैले पनि होलीको रौनक अब घट्दै छ । यसमा देखिने मिठास हट्दैछ । औपचारिकतामा सीमित हुँदैछ ।

जे होस्, होली आँगनमा आइपुगेको छ । आज पहाडमा होली मनाउन रौनक छ । भोलि मधेशमा होलीको रौनकमा सबै रमाउने छन् । सरकारले होली मनाउन बिदा दिएको छ । बिदा पनि भएकाले रमेर, खुलेर होलीमा रमाउने आतुर सबै तनमनलाई धेरै धेरै शुभकामना । होलीलाई विकृतिरहित बनाउने जिम्मा पनि तपाईंहाम्रै हो है !

# के तपाइँमा मानसिक रोगको समस्या त छैन ?



डा. निराकारमान श्रेष्ठ

हाम्रो परिवारका सदस्य वा छिमेकका मानिसहरु बाहिरबाट हेर्दा स्वस्थ्य देखिए पनि वास्तवमा स्वस्थ नहुन सक्छन्अर्थात् मानसिक रोगबाट प्रभावित भएका हुनसक्छन्। शारीरिक रोगका बिरामीले आफ्नो रोगका बारेमा अरुलाई बताउने गरे पनि मानसिक रोगका बिरामीले सकभर सार्वजनिक गर्न चाहँदैन्। मानौँ उनीहरु बिरामी नै होइनन्झैँ गरी लुकाउने र परिवारका सदस्यले पनि ढाकछोप गराउन खोज्छन् । जतिबेला अन्य मानिसले थाहा पाउँछन्, त्यतिबेला बिरामीको अवस्था निकै जटिल भइसकेको हुन्छ।

साधारण जनसङ्ख्याको कम्तीमा पनि दुई प्रतिशत मानिसलाई कडा मानसिक रोग लागेको पाइन्छ। न्युरोसिस पनि धेरै प्रकारको हुन्छ। साधारण जनसङ्ख्याको कम्तीमा १० देखि १५ प्रतिशत मानिसलाई कुनै न कुनै न्युरोसिस रोग लागेको पाइन्छ । त्यस्तै सुस्तमनस्थिति साधारण जनसङ्ख्याको करिब तीन प्रतिशतलाई भएको पाइन्छ।

मदिरा तथा लागुऔषधको दुव्र्यसन पनि करिब तीनदेखि पाँच प्रतिशत मानिसमा देखिन्छ । पर्सनालिटी डिसअर्डर पनि करिब एक प्रतिशत मानिसमा देखिन्छ । करिब २५ देखि ३५ प्रतिशत मानिस कुनै न कुनै मानसिक रोगबाट पीडित हुन्छन् यस अर्थमा मानसिक रोग शारीरिक रोगजस्तै धेरै सङ्ख्यामा हुँदैन भन्ने धारणा सरासर गलत हो।

सामान्यतया स्वास्थ्य भन्नासाथ शारीरिक स्वास्थ्यलाई बुझिन्छ। शारीरिक, मानसिक र सामाजिक तीनै पक्षको संयोजन भए मात्रै मानिसलाई स्वस्थ्य मान्न सकिन्छ । विश्व स्वास्थ्य सङ्गठनले पनि स्वास्थ्य भन्नाले केवल रोग नहुँदैमा या अशक्त नहुँदैमा स्वस्थ भन्न मिल्दैन, शारीरिक, मानसिक र सामाजिक हिसाबले पूर्ण रूपमा स्वस्थ रहेको अवस्था भनी परिभाषित गरेको छ । तर व्यवहारमा शारीरिक पक्षलाई मात्र विशेष जोड दिइएको पाइन्छ।

शारीरिक रोग भन्नाले शरीरको रोगजस्तै क्षयरोग, औलो ज्वरो, कालाजार, चिनीको रोग, कुष्ठरोग, क्यान्सर आदिलाई जनाउँछ । मानसिक रोगअन्तर्गत विभिन्न प्रकारका एङ्जाइटी डिसअर्डर, डिप्रेसन, वाइपोलार डिसअर्डर, माइग्रेन, छारेरोग, मादकपदार्थ तथा लागुऔषध दुव्र्यसन, सिजोफ्रेनिया, सुस्तमनस्थिति, पर्सनालिटी डिसअर्डर आदि पर्दछन्।

सर्वसाधारण मानिसहरूमा मानसिक रोग भन्नासाथ पागलपन अथवा मानसिक असन्तुलन भएको वा बहुलाएका व्यक्तिको चित्रण मात्र मनमा आउने गरेको पाइन्छ र मानसिक रोग लागेको भन्नासाथ मानसिक रूपले असन्तुलन व्यक्ति भन्ने धारणा भएको पाइन्छ। यो धारणा सरासर गलत हो किनभने हामीले नछानीकन एक सय जना मानसिक रोगीहरू लियौँ भने तिनीहरूमध्ये करिब पाँच जना मात्र पागल अथवा मानसिक रूपले असन्तुलन भएको पाउँछौँ भने करिब ९५ जना अरू सर्वसाधारण मानिसजस्तै देखिन्छन्।

नेपालमा मानसिक स्वास्थ्य समस्या एक गम्भीर र बढ्दो चिन्ताको विषय हो। पछिल्ला वर्षहरूमा मानसिक रोगबारे चेतना बढ्दै गए पनि, अझै पनि समाजमा यो विषयलाई खुला रूपमा छलफल गर्न हिचकिचाहट देखिन्छ। मानसिक रोगलाई लाज वा कमजोरीका रूपमा हेर्ने प्रवृत्तिले समस्या लुकाउने र उपचार नगर्ने प्रवृत्ति बढाएको छ। गरिबी, बेरोजगारी र वित्तीय अस्थिरताले पनि धेरैलाई डिप्रेसन र तनावको शिकार बनाएको छ।

नेपालमा मदिरा र लागुऔषधको सेवन गर्ने व्यक्तिहरूको सङ्ख्या बढ्दै गएकाले मानसिक स्वास्थ्यमा नकारात्मक असर परेको देखिन्छ। विवाह, पढाइ, जागीर र सामाजिक मान्यताका कारण कतिपय मानिसहरू ठूलो मानसिक दबाबमा रहेका छन्।

शारीरिक स्वास्थ्य तथा शारीरिक रोगको उपचारमा विज्ञानले ठूलो फड्को मारेको छ र जनमानसमा शारीरिक स्वास्थ्यप्रति ठूलो सचेतना तथा जानकारी आए तापनि मानसिक स्वास्थ्य तथा मानसिक रोगप्रतिको गलत धारणा, भ्रम, अन्धविश्वास आदि अझ पनि समाजमा व्यापक रुपमा भएको पाइन्छ।

मानसिक रूपले स्वस्थ हुनका लागि व्यक्तिमा समय तथा वातावरणअनुसार अगाडि बढ्न सक्ने क्षमता, भावनात्मक द्वन्द्वबाट ज्यादै विचलित नहुने गुण, अर्थपूर्ण रूपले जीवनयापन गर्नसक्ने क्षमता भएको, आफूमा विद्यमान सामथ्र्यको प्रयोग गरी उत्पादनशील तथा फलदायी काम गर्न सक्ने भएको, अरू व्यक्तिसँग अर्थपूर्ण सम्बन्ध जोडी सो सम्बन्धलाई निरन्तरता दिन सक्ने क्षमता भएको र कुनै प्रकारका मानसिक रोगका खास लक्षण नभएको अवस्था हुनुपर्छ।

मानसिक रोग र मानसिक रोगीहरुप्रति संसारका हरेक देशमा केही न केही गलत धारणाहरु पाइन्छ। हाम्रो देशमा पनि मानसिक रोग सम्बन्धमा धेरै अन्धविश्वास तथा गलत धारणाहरु समाजमा व्याप्त छन्। मानसिक रोग विकसित राष्ट्रहरु र विकासोन्मुख राष्ट्रहरुमा बराबर पाइन्छ र सहरी क्षेत्रमा र गाम्रीण क्षेत्रमा पनि यो बराबर हिसाबले देखिएको छ। तर सामाजिक पृष्ठभूमि अलग–अलग भएको कारणले गर्दा रोगको लक्षणहरु अथवा बिरामीको समस्या भने फरक फरक हुन सक्दछ।

दिन प्रतिदिन मानसिक रोगीको सङ्ख्यामा बढ्दै जाँदा तिनको उपचारमा भने राज्यको ध्यान पुग्न सकेको छैन । तीन करोडभन्दा ज्यादा जनसङ्ख्याका लागि हाल नेपालमा सवा दुई सय जति मात्र मानसिक रोग विशेषज्ञ छन्। मानसिक रोग विशेषज्ञ र जनसङ्ख्याका हिसाबले हालको अनुपात एकदम कम छ।

विश्व स्वास्थ्य सङ्गठनको सिफारिसअनुसार १० हजार जनसङ्ख्याको लागि एक जना मानसिक रोग विशेषज्ञ हुनुपर्नेमा हाल नेपालमा १० लाख ३३ हजार जनसङ्ख्याका लागि एक जनामात्र मानसिक रोग विशेषज्ञ पर्दछ। अर्थात् मानसिक रोग विशेषज्ञको र जनसङ्ख्याको अनुपात १ः३३,००,००० मात्र छ। त्यसैले मानसिक रोग विशेषज्ञ र अरु मानसिक स्वास्थ्य कार्यकर्ताको एकदमै कमी भएकाले मानसिक रोगको उपचारमा ठूलो समस्या देखिएको छ।

जनशक्तिको अभावसँगै पर्याप्त बजेट नहुँदा पनि उपचारमा कठिनाइ हुने गरेको छ । विश्व स्वास्थ्य सगठनको अनुसार हरेक राष्ट्रले आफ्नो कूल राष्ट्रिय बजेटको कम से कम १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रको लागि छुट्याउनुपर्नेमा नेपालले करिब पाँच प्रतिशत मात्र छुट्याउने गरेको पाइन्छ। स्वास्थ्य क्षेत्रमा प्राप्त कूल रकममध्ये केवल ०.२ प्रतिशत मात्र मानसिक स्वास्थ्यलाई छुट्याउने गरेको पाइन्छ । यसरी बजेटको कमीले गर्दा पनि मानसिक रोगको उपचारमा प्रत्यक्ष तथा अप्रत्यक्ष समस्या परेको देखिन्छ।

**मानसिक रोगका लक्षणहरू कस्ता–कस्ता हुन्छन् ?**

शारीरिक रोगका लक्षणहरू शारीरिक भएजस्तै मानसिक रोगका लक्षणहरू पनि प्रायः मानसिक प्रकृतिका हुन्छन् । जस्तै मनोदशा गडबडी, विचारको गडबडी, व्यवहारमा गडबडी, निद्रामा गडबडी, ज्ञानेन्द्रीय अङ्गहरूको अनुभूतिमा गडबडी, सम्झना शक्तिमा गडबडी, अन्र्तदृष्टिमा गडबडी, वुद्धि क्षमतामा गडबडी, एकाग्रतामा गडबडी, कुराकानीमा गडबडी, एकापसको अन्तक्र्रियामा गडबडी, सौखमा गडबडी आदिजस्ता लक्षणहरू मानसिक रोगहरूमा देखा पर्दछन् । सबै प्रकारका शारीरिक लक्षणहरू एउटै शारीरिक रोगमा नदेखेजस्तै सबै प्रकारका मानसिक लक्षणहरू एउटै मानसिक रोगमा देखिँदैनन्।

कुनै मानसिक रोगमा एक प्रकारका लक्षणहरू देखिन्छन् भने अर्को मानसिक रोगमा अरू प्रकारका मानसिक लक्षणहरू देखिन्छन्। यी लक्षणहरूका आधारमा मानसिक रोग कुन प्रकारका हो भन्ने निदान गरिन्छ र सोहीअनुसार मानसिक रोगीको उपचार गरिन्छ।

निद्रा नलाग्ने, बिनाकारण शङ्का गर्ने, बिनाकारण डराउने, उदास हुने, ज्यादा उत्तेजित हुने, असामान्य कुरा गर्ने, असामान्य व्यवहार देखाउने आदि जस्ता मानसिक लक्षणबाहेक टाउको दुख्ने, जीउ दुख्ने, मुटु चाँडोचाँडो धड्कने, छिटोछिटो पिसाब लाग्ने, बोली नआउने, शरीरको कुनै भाग नचल्ने, देख्न नसक्ने, सास फेर्न गाह्रो हुने आदि जस्ता शारीरिक लक्षण पनि मानसिक रोगमा देखा पर्न सक्दछन्।

**मानसिक रोगका कारणहरू के हुन सक्छन् ?**

मानसिक रोगको कारण यही नै हो भन्न र किट्न नसके तापनि वंशानुगत कारण, मनोवैज्ञानिक कारण, सामाजिक कारण, शारीरिक रोगका कारण, टाउकोको घाउ चोटपटकको कारण, सङ्क्रमण रोगका कारण, दिमागमा परजीवीको कारण, शारीरिक रोगका लागि सेवन गरिने कुनैकुनै औषधिका कारण, मस्तिष्कमा हुने एक प्रकारका न्युरोट्रान्समिटर भन्ने रासायनिक पदार्थहरूको गडबडीको कारण, मादक तथा लागुऔषधको अत्यधिक सेवनको कारण, व्यक्तित्वको कारण आदिलाई मानसिक रोगका कारणहरूमा लिन सकिन्छ।

तर के छ भने धेरैजसो मानसिक रोगका कारणमा यिनीहरूमध्ये एउटाभन्दा धेरै कारणहरूको भूमिका भएको पाइन्छ । कुनै व्यक्तिमा एउटा कारणको प्राधान्यता हुन्छ भने अर्को व्यक्तिमा अर्कै कारणको प्राधान्यता भएको पाइन्छ। अत्यधिक मादक पदार्थ सेवन गर्नु तथा मादक पदार्थको कुलतमा फस्नु एक प्रकारको मानसिक रोग वा मानसिक विकृति हो।

**के मानसिक रोगको उपचार सम्भव छ ?**

धेरैजसो मानसिक रोगहरु उपचारपछि ठीक हुन्छ र निको हुन्छ। थोरै प्रतिशत भने निको नहुन सक्दछ र जीवनभर नै औषधि उपचार गरिरहनुपर्ने हुन्छ । तर यिनीहरुमा पनि औषधिले रोगलाई नियन्त्रण गर्न सकिन्छ सबै मानसिक रोगहरूको उपचार हुन्छ र धेरै मानसिक रोगहरू ठीक पनि हुन्छन्। कुनैकुनै शारीरिक रोग पूर्णतया ठीक नहुने र जिन्दगीभर औषधि खानुपर्ने भएजस्तै कुनैकुनै मानसिक रोग पनि त्यस प्रकारका हुन्छ।

मानसिक रोगका उपचारमा औषधि दिने, बिजुलीको माध्यमबाट उपचार गर्ने, न्युरोमोडुलेसन उपचार, काउन्सेलिङ, साइकोथेरापी, फेमिली थेरापी, ग्रूप थेरापी, सोसल इन्टरभेन्सन, भोकेसनल थेरापी, रिहाविलिटेसन आदि जस्ता विधिहरू अपनाइन्छन् । मानसिक रोगको उपचार बिरामी, उसको परिवार तथा सामाजिक परिप्रेक्ष्यलाई ध्यानमा राखेर गर्नुपर्ने हुन्छ।

मानसिक रोगको उपचार एक पटक गरेपछि छोड्न नहुने र सधैँभरि गरिरहनुपर्ने हुन्छ भन्ने भ्रम पनि मानिसहरुमा रहेको छ। यो गलत कुरा हो। धेरैजसो मानसिक रोगहरुमा केही महिना औषधि खाएर छोड्न सकिन्छ भने कुनै कुनै मानसिक रोग औषधि उपचार बिना पनि ठीक हुन्छ भने कुनैकुनै मानसिक रोगमा जीवनभर नै औषधि खानुपर्ने हुन्छ।

नेपालमा धेरै मानिसहरू, विशेषगरी युवाहरू, डिप्रेसनको शिकार भइरहेका छन् । कामको चाप, पारिवारिक तनाव र भविष्यको अन्योलका कारण धेरैलाई एन्जाइटी डिसअर्डरको समस्या देखिन्छ। भूकम्प, द्वन्द्व, हिंसा, वा अन्य ट्रमाटिक घटनाहरूबाट गुज्रेका व्यक्तिहरूमा पोस्ट–ट्रमोटिक स्ट्रेस डिसअर्डर भएको पाइन्छ । कतिपयमा बाइपोलार डिसअर्डर, स्किजोफ्रेनिया जस्ता गम्भीर मानसिक रोगहरू पनि देखा पर्ने गरेका छन्।

नेपालमा मानसिक रोगको समस्या ठूलो छ, तर यसबारे खुलेर कुरा गर्न र उचित उपचार खोज्न अझै पनि धेरै चुनौतीहरू छन् । मानसिक स्वास्थ्यलाई प्राथमिकता दिनु आवश्यक छ, ताकि सबै नागरिकहरू स्वस्थ जीवन बिताउन सकून् । यदि तपाइँलाई वा तपाइँको नजिक कसैलाई मानसिक स्वास्थ्यसम्बन्धी समस्या छ भने, चिकित्सक वा परामर्शदातासँग सम्पर्क गर्नु सबैभन्दा राम्रो उपाय हो। रासस

# टेलिकम क्षेत्रमा नयाँ कानूनी संरचना आवश्यक

रासस

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले दूरसञ्चार क्षेत्रको नियमन कमजोर भएको र यस क्षेत्रलाई थप मजबुद बनाउका लागि कानूनी सुधार अपरिहार्य रहेको बताएका छन्।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) द्वारा आयोजित 'टेलिकम उद्योगको पुनःरुत्थान' विषयक कार्यक्रममा सञ्चारमन्त्री गुरुङले समग्र दूरसञ्चार उद्योगलाई दिगो एवं व्यवस्थित बनाउने चुनौती रहेको यसका लागि नियामकको कमजोरी प्रमुख समस्या रहेको उल्लेख गरे । कमजोर नियमन प्रणालीले यस उद्योगलाई प्रभावकारी बनाउन नसकेको उल्लेख गर्दै हालको दूरसञ्चार क्षेत्रका लागि नयाँ ऐन आवश्यक भएको बताए।

'नयाँ दूरसञ्चार ऐनका लागि काम अघि बढिसकेको छ, सुझाव लिने काम पनि भइरहेको छ, नयाँ ऐनमार्फत अहिले हामीले भोगिरहेका कानुनी, नियामकीय, संरचनागतलगायतका समस्या समाधान हुनेमा विश्वास लिएका छौँ', उनले भने। नयाँ ऐनमार्फत टेलिकम सेवा प्रदायकले नवीकरणस्वरुप २० अर्ब रुपैयाँ बुझाउनुपर्ने व्यवस्था परिवर्तन गरिने उनको भनाइ थियो।

टेलिकम क्षेत्रको आर्थिक सूचकाङ्क कमजोर बन्दै गएको तथ्याङ्क प्रस्तुत गर्दै मन्त्री गुरुङले यस क्षेत्रको समग्र आम्दानी, नाफा र राज्यले प्राप्त गर्ने राजस्वमा गिरावट आएको बताए । इन्टरनेट सेवा प्रदायक (आईएसपी) हरूसँगको प्रतिस्पर्धाले टेलिकम कम्पनीहरु मारमा परेको उल्लेख गर्दै उनले यस क्षेत्रले नयाँ व्यापारिक रणनीति अपनाउनुपर्ने बेला आएको धारणा राखे।

नेपालको टेलिकम उद्योग सङ्कटग्रस्त अवस्थामा पुगेको तथ्य उल्लेख गर्दै मन्त्री गुरुङले दूरसञ्चार क्षेत्रमा प्रतिस्पर्धात्मक क्षमता सुधार गर्न, नीति र कानुनी संरचना सुदृढ बनाउन, शासकीय क्षमतामा सुधार ल्याउन र नवीनतम व्यापारिक रणनीति अवलम्बन गर्न आवश्यक रहेको बताए। यसकारण पनि नीति निर्माताहरूले दूरगामी सोचका साथ सुधारका लागि ठोस कदम चाल्नु आवश्यक रहेको उनको भनाइ छ।

दूरसञ्चार क्षेत्रको कमजोर कार्यसम्पादनलाई समग्र शासकीय क्षमतासँग जोड्दै मन्त्री गुरुङले मन्त्रालय, विभाग र नियामक निकायका काम सन्तोषजनक नभएको उल्लेख गरे। उनले सरकारी संयन्त्रमा कार्यशैली सुधार्न आवश्यक रहेको र हालको कर्मचारी संयन्त्र प्रभावहीन हुँदै गएको टिप्पणी गरे।

मन्त्री गुरुङले आफ्नो आठ महिनाको कार्यकालमा सुधारका केही प्रयास भए पनि सोचेजस्तो परिणाम प्राप्त हुन नसकेको बताउँदै सरकारी संयन्त्र सुधारका लागि नयाँ कार्ययोजना आवश्यक छ भने।

कानून निर्माण प्रक्रियालाई तीव्र बनाउन अध्यादेश ल्याउनुपरेको पनि सञ्चारमन्त्री गुरुङले स्पष्ट पारे । उनका अनुसार संसद्मा विधेयकहरू लामो समयसम्म विचाराधीन रहनु र कानुन अभावमा प्रशासनिक प्रक्रिया प्रभावित हुनु समस्याको जड हो । त्यसैले, अध्यादेश ल्याउने सरकारको उद्देश्य संसद् छल्न नभई कार्यक्षमतामा सुधार गर्न ल्याइएको मन्त्री गुरुङले बताए।

त्यसअवसरमा सञ्चार मन्त्रालयका सचिव राधिका अर्यालले दूरसञ्चार क्षेत्रसँग सम्बन्धित विद्यमान नीतिनियम र कानुनको परिपालनामा जोड दिए । 'यस क्षेत्रको नियमन, कार्यान्वयन र सहजीकरण गर्ने सबै निकाय इमानदार हुनुपर्छ। अहिलेको समस्या कहाँ हो र त्यसलाई समाधान गर्नका लागि के गर्न सकिन्छ भनेर सबै सरोकारवाला क्षेत्र एकै ठाउँमा बसेर हामी छलफल गर्न सक्छौँ', सचिव अर्यालले भने।

इन्टरनेट सेवा प्रदायकहरुले सरकारलाई तिर्नुपर्ने बक्यौता बढिरहेका कारण सरकारले यस उद्योगलाई सहुलियतको नीति लिन नसकेको पनि उनको भनाइ छ । 'इन्टरनेट सेवाप्रदायक कम्पनीहरुले सरकारलाई तिर्नुपर्ने बक्यौता रकम ठूलो छ । कतिपय विषयहरु अदालतसम्म पनि पुगेका छन्। त्यो चुक्ता नगरेसम्म काम अघि बढ्नसक्ने अवस्था छैन', उनले भने, 'सरकारका कामलाई निगरानी गर्नका लागि पनि महालेखापरीक्षकको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका निकाय छन् । यसकारण हामीले विद्यमान कानूनको परिपालना गर्नुको विकल्प छैन।'

नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष भूपेन्द्र भण्डारीले देशभर फोरजीको पहुँच शतप्रतिशत नपुगेको बताउँदै त्यसलाई एक वर्षभित्र पूरा गर्ने प्रतिबद्धता व्यक्त गरे । उपभोक्ताको क्षमताअनुसार तत्काल टुजी बन्द गर्नुभन्दा पहिला थ्रिजी बन्द गर्नु उपयुक्त हुने धारणा उनले राखे।

हाल दूरसञ्चार सेवाको गुणस्तर निरन्तर घट्दै गएको उल्लेख गर्दै भण्डारीले त्यसमा सुधार आवश्यक रहेको उल्लेख गरे। त्यस्तै, दूरसञ्चार सेवाको आकार घटेको भन्नु गलत रहेको टिप्पणी गर्दै उनले टेलिकम सेवाबाट इन्टरनेट सेवा प्रदायक (आईएसपी) मा व्यापार सिफ्ट भएको तर्क गरे।

दूरसञ्चार क्षेत्रमा नयाँ लगानी न्यून बन्दै गएको अवस्थामा व्यापार वृद्धि गर्ने उपायमा ध्यान केन्द्रित गर्नुपर्ने सुझाव दिँदै उनले फाइभजी प्रविधि देशका मुख्य आठ सहरमा शुरु गर्न सकिने बताए । फाइभजी प्रविधि अत्यधिक महँगो रहेको भनाइ सत्य नभएको उनको दाबी थियो।

फाइभजीका लागि सेवा प्रदायकहरुले निवेदन दिए एक हप्ताभित्र स्वीकृति दिन प्राधिकरण तयार रहेको उनले बताए । उनले वाइफाइ मोबिलिटीले टेलिकम सेवाप्रदायकको आम्दानीमा असर पु¥याइरहेको गुनासोका सम्बन्धमा छलफल आवश्यक रहेको उल्लेख गरे। कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै सूचना प्रविधिविज्ञ मनोहरकुमार भट्टराईले डिजिटल अर्थतन्त्र प्रवद्र्धनका लागि मोबाइल उद्योग आधारभूत माध्यम भएको बताए । उनले पछिल्ला केही वर्षयता मुलुकको कूल गार्हस्थ्य उत्पादन (जिडिपी)मा टेलिकम क्षेत्रको योगदान तीन दशमलव छ प्रतिशतबाट एक दशमलव आठ प्रतिशतमा झरेको तथ्याङ्क प्रस्तुत गरे।

देशभर ९० प्रतिशतमा फोरजी सेवा विस्तार भए पनि दश जना प्रयोगकर्तामध्ये दुई जनाले मात्र नियमित रूपमा मोबाइल डाटा उपयोग गर्ने गरेको अध्ययनले देखाएको उनको भनाइ थियो । नेपालको मोबाइल इन्टरनेट प्रयोग अन्य छिमेकी देशहरूको तुलनामा निकै कमजोर रहेको उनको भनाइ थियो।

फोरजीको प्रयोग बढ्दै जाँदा सेवाप्रदायकले अस्तित्व जोगाउन ठूलो लगानी गरे पनि सोहीअनुसार प्रतिफल नआउँदा व्यापारमा ह्रास देखिन थालेको भट्टराईले बताए । दूरसञ्चार क्षेत्रमा पुँजीगत लगानी निकै बढी हुने उल्लेख गर्दै उनले आम्दानीमा ह्रास आउँदा पुँजीगत खर्चमा समस्या बताए । उनले अहिलेको अवस्थामा मात्रै सेवाप्रदायकलाई वार्षिक ६ अर्ब पुँजीगत खर्च गर्नुपर्ने अवस्था आएको उल्लेख गरे।

टेलिकम कम्पनी एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभले नेपालको दूरसञ्चार क्षेत्र ठूलो सङ्कटको नजिक पुगेको भन्दै सबैलाई सचेत हुन अपिल गरे।

नेपाल जीएसएमको सूचीमा दुई वर्षअघि ११७ औँ स्थानमा रहेको नेपाल हाल ११९ औँ स्थानमा झरेको प्रति चिन्ता व्यक्त गर्दै उनले सहज वातावरण नहुँदा यस क्षेत्रमा विदेशी लगानी आकर्षित हुन नसकेको बताए। नेपालमा टेलिकम कम्पनीहरुको व्यापार निरन्तर ओरालो लाग्दै गएकाले यसबाट सरकारलाई जाने करको दर पनि घटिरहेको उल्लेख गरे।

फोरजी विस्तारमा सेवा प्रदायकहरुले ठूलो लगानी गरिसकेको अवस्थामा फाइभजीका लागि राज्यले 'स्पेक्ट्रम'को बोलकबोल अघि बढाए सहभागी हुन तयार रहेको भए पनि उपयुक्त स्पेक्ट्रमको सुनिश्चितता आवश्यक रहेको उनको भनाइ थियो। उनले सन् २०२५ भित्रै एनसेलले थ्रिजी सेवा बन्द गर्ने तयारी गरिरहेको जानकारी दिँदै त्यसका लागि सरकारले भिओएलटीई प्रविधि नचल्ने मोबाइल फोनको आयातमा कडाइ गर्न आवश्यक रहेको धारणा राखे । साथै, नेपालको टेलिकम व्यापारलाई 'सब्स्क्रिप्सन मोडल'मा लैजान ढिलो गर्न नहुने उनको भनाइ थियो।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# प्रधानमन्त्रीलाई अन्तर–व्यवस्थापिका मञ्चको घोषणापत्र



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष अन्त–व्यवस्थापिका मञ्च, नेपालको १० औं सम्मेलनबाट पारित सात बुँदे घोषणापत्र हस्तान्तरण गरिएको छ ।
उक्त मञ्चको गत पुस १–३ गते गण्डकी प्रदेशको राजधानी पोखरामा आयोजित सम्मेलनका निष्कर्षहरू बुधबार प्रधानमन्त्री निवास,बालुवाटारमा प्रधानमन्त्री ओलीलाई हस्तान्तरण गरिएको हो ।
प्रतिनिधि सभाका सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, उपसभामुख इन्दिरा राना,उपाध्यक्ष विमला घिमिरेसहित सातै प्रदेशका सभामुख, उपसभामुख र संघीय संसद्का महासचिव पदमप्रसाद पाण्डेयलगायत सहभागी भेटमा संघीयता एवं संविधान कार्यान्वयनलाई तीव्रता दिन संघ, प्रदेश र स्थानीय तहको साझा सूचीअन्तर्गत निर्माण गरिने कानुनको सन्दर्भमा तीन वटै सभाको परस्पर सम्बन्ध विकास गर्ने प्रतिबद्धता गरिएको छ ।
यस्तै बन्न बाँकी कानूनको अध्ययन र पहिचान गरी संघीय संसदबाट कानून निर्माण गर्न पहल गर्ने जनाइएको छ ।
घोषणापत्रमा संसदीय विषयगत समितिको कामकारबाहीलाई प्रभावकारी बनाउने उद्देश्यले समन्वय र सहजीकरण गर्न सम्बन्धित नियमावलीमा प्रतिनिधि सभाका उपसभामुख, राष्ट्रियसभाका उपाध्यक्ष तथा प्रदेश सभाका उपसभामुखको भूमिका स्पष्ट गर्न पहल गर्ने प्रतिबद्धता रहेको छ ।
यस्तै, कानूनको कार्यान्वयन मापन एवं उत्तर विधायिकी परीक्षणको कार्य सरकारसँग समन्वय गरी संघ र प्रदेशमा सुरु गर्ने, यसका लागि सम्बन्धित सभाका नियमावलीमा व्यवस्था गर्ने, सरकारले सभामा पेश गर्ने नीति तथा कार्यक्रम सिद्धान्त र प्राथमिकता, पूर्व बजेट छलफल एवं संसदबाट अनुमोदित बजेट, बजेटको खर्च समेतका सम्बन्धमा अध्ययन विश्लेषण गरी संसद सदस्यलाई अध्ययन, अनुसन्धानात्मक र प्रशिक्षणात्मक सेवा पु¥याउने विषय घोषणापत्रमा रहेको छ ।
भेटका अवसरमा प्रधानमन्त्री ओलीले सबै सरकार र संसद्हरुबीच संविधानले गरेका प्रबन्ध बमोजिम उचित समन्वय र सहकार्य अझै बढाउनुपर्नेमा जोड दिँदै संघीय सरकारका तर्फबाट हुनुपर्ने समन्वय बढाउने बताए ।
उनले संसदले सरकारसमक्ष बजेटसम्बन्धी प्रस्ताव गर्दा राज्यको आर्थिक हैसियतलाई विचार गरेर गरिदिनुपर्ने र सरकारका सम्बन्धित मन्त्रालयले पनि संसदको नेतृत्वले आवश्यकता ठानेर पठाइसकेका प्रस्तावलाई सहजरुपमा अघि बढाउनुपर्ने बताए ।रासस

# ‘नयाँ जागरणका लागि हुलाकीमार्ग केन्द्रित अभियान’

**भैरहवा ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले समाजमा नयाँ जागरण ल्याउनका लागि हुलाकीमार्ग केन्द्रित अभियान शुरु गरिएको बताएका छन् ।
रुपन्देहीको ओमसतिया गाउँपालिका–६ मा रहेको रामजानकी जमुहानी कुटीको पोखरी सुन्दरीकरण कार्यक्रमको शिलान्यास गर्दै उनले हुलाकीमार्गका नागरिकहरु पूर्वाधार, शिक्षा स्वास्थ्यलगायतका क्षेत्रमा पछि परेको उल्लेख गर्दै नयाँ जागरणका लागि माओवादी केन्द्र हुलाकीमार्ग केन्द्रित अभियानमा रहेको बताए ।
पूर्वाधार विकास आयोजनाअन्तर्गत ८८ लाखमा जमुहानीमा रहेको रामजानकी मन्दिर तथा कुटीको पोखरी सुन्दरीकरण तथा पार्क निर्माण हुँदैछ ।पार्क निर्माणपछि यस क्षेत्रको पर्यटकीय विकासमा सहयोग पुग्नेमा अध्यक्ष दाहालले विश्वास व्यक्त गरे ।
यहाँस्थित रामजानकी कुटी बौद्धकालीन समयमा निर्माण भएको वडाध्यक्ष शिवकुमार धवलले बताए । उनले तालको गुरुयोजना निर्माण गरी सोहीअनुरुप काम गरिरहेको बताए ।
त्यसअवसरमा अध्यक्ष दाहालसँगै पूर्वअर्थमन्त्री वर्षमान पुन,पूर्वकृषिमन्त्री चक्रपाणि खनाललगायत माओवादीका नेताको उपस्थिति थियो ।रासस

# ‘स्थानीय तह र प्रदेशले गर्ने काम अब संघले गर्नु हुँदैन’

**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले स्थानीय तह र प्रदेशले गर्ने काम सङ्घ सरकारले गर्नु संविधान र सङ्घीयताको मर्म तथा भावनाविपरीत हुने बताएका छन् ।
आगामी आर्थिक वर्ष २०८२÷८३ को बजेटबारे अर्थ मन्त्रालयले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग गरेको छलफलमा अर्थमन्त्री पौडेलले स्थानीय तह र प्रदेशले गर्ने काम अब सङ्घले गर्न नहुने बताए ।
संविधानमा सङ्घको एकल अधिकार अनुसूची ५ मा, प्रदेशको एकल अधिकार अनूसूची ६ मा, स्थानीय तहको एकल अधिकार अनूसूची ८ र संविधानको अनुसूची ७ मा सङ्घ र प्रदेशको साझा अधिकार उल्लेख छ ।
यसैगरी अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार उल्लेख छ । संविधानमा उल्लेख भएका अधिकारहरुलाई कार्य विस्तृतीकरण प्रतिवेदनले अझ विस्तृत गरेको छ ।
अर्थमन्त्री पौडेलले सङ्घीय सरकारको सीमामा रहेर मात्र नयाँ बजेटमा कार्यक्रम पेस गर्न आग्रह गरेका छन् । उनले सहकारी, जमिनको खण्डीकरण, बाँझो जमिन, अस्थायी बसोबास, सार्वजनिक जग्गाको संरक्षण, भूमि बैंक, अभिलेखहरुको डिजिटलाइजेसनलगायतलाई सम्बोधन गर्ने गरी बजेट तथा कार्यक्रमहरु प्रस्ताव पेस गर्न पनि आग्रह गरेका छन् ।
छलफलमा अर्थ सचिव, भूमि सचिव, विभागीय प्रमुखलगायतको उपस्थिति थियो ।
नयाँ बजेट निर्माणसम्बन्धी यसअघि अर्थ मन्त्रालयले भौतिक, सहरी, ऊर्जा, स्वास्थ्य तथा जनसंख्या, उद्योग, खानेपानी, सङ्घीय मामिला, कृषि तथा पशुपन्छि मन्त्रालय छलफल गरेको थियो । रासस

# शून्य समयमा समसामयिक विषयमा सरकारको ध्यानाकर्षण

**काठमाडौँ ।**
सांसदहरुले शिक्षा, स्वास्थ्य, रोजगारी, शान्ति सुरक्षा र सडक निर्माणलगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।
प्रतिनिधिसभाको बुधबारको बैठकको शून्य समयमा सांसद वीना लामाले राष्ट्रिय प्राकृतिक तथा वृत्त आयोगले बनाएको मापदण्डमा असन्तुष्टि जनाइन् । ‘आयोगले समानिकरण अनुदानको मापदण्ड पक्षधरका आधारमा बनाएको आरोप छ’,उनले भनिन्,‘आयोगको स्वीकृति बिना युएसए आइडीका परियोजना दुरुपयोगमा आयोगकै पदाधिकारी संलग्न रहेको सुनिएको छ, यस विषयमा के भएको हो सदनलाई जानकारी गराउनुपर्छ ।’
सांसद श्यामकुमार घिमिरेले सिन्धुलीको सुगुरे खोलाभन्दा अगाडिपट्टि रहेको अक्करेभिरमा बर्सेनि आउने पहिरोका कारण सवारी साधन सञ्चालनमा समस्या भइरहेको भन्दै सरकारको ध्यानाकर्षण गराए ।



‘पहिरोका कारण अक्करेभिरबाट जुनसुकै बेला पनि गाडी खस्न सक्ने जोखिम छ, उक्त स्थानमा हिउँदमा पनि पहिरो झरिरहन्छ, बर्सातमा जोखिम बढी हुन्छ, उक्त समस्या समाधान गर्न सरकारको ध्यान जान जरुरी छ’, उनले भनिन् ।
सांसद शान्ति विकले अहिलेको केही व्यक्तिले लोकतान्त्रिक गणतन्त्रलाई गलत रुपमा व्याख्या गरेको उल्लेख गर्दै विगत भइसकेको राजतन्त्र वर्तमानमा सम्भव नभएको बताइन् । उनले सरकारले अर्थतन्त्र सुधार, रोजगारी सृजना, गुणस्तरीय र सर्वसुलभ शिक्षा र स्वास्थ्य, पूर्वाधार विकास, सुरक्षा तथा न्यायको व्यवस्थाका साथै दिगो विकासमा ध्यान दिनुपर्नेमा जोड दिइन् ।
सांसद शिव नेपालीले बन्दी महिलाहरुको न्याय, पुनःस्थापना र वित्तीय शिक्षाका लागि सरकारको ध्यानाकर्षण गराए । सांसद शिशिर खनालले काठमाडौँ उपत्यकामा देखिएको खानेपानीको समस्या समाधान गर्नुपर्ने माग गरे ।
सांसद शेरबहादुर कुँवरले पछिल्लो केही दिनदेखि विभिन्न माग राखेर आन्दोलनरत शिक्षकहरुको माग सम्बोधन गर्न सरकारसँग माग गरिन् ।
सांसद शोभा ज्ञवालीले कृषिको आधुनिकीकरण र व्यावसायीकरण गर्नुपर्ने आवश्यकता औँल्याइन् ।
सांसद सन्तोष चालिसेले काठमाडौँको जोरपाटी–सुन्दरीजल सडकमा पर्ने चार वटा पुल निर्माण गर्नुपर्नेमा सरकारको ध्यानाकर्षण गराए ।
सांसद सन्तोष परियारले सूर्यविनायक–साँगा–धुलिखेल सडक विस्तारमा ढिलाइ भएको भन्दै जतिसक्दो चाँडो सम्पन्न गर्नका लागि सरकारको ध्यानाकर्षण गराए । शून्य समयमा सांसदहरु शंकर भण्डरी, सरिता भुसाल, डा.स्वर्णिम वाग्ले, शान्ति चौधरी, सुमना श्रेष्ठ, सुनिता बराल,सरस्वती सुब्बालगायतले मुलुकको समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराए ।रासस

# गणतन्त्र र संविधानको रक्षा गर्न आग्रह

**काठमाडौँ ।**
प्रतिनिधिसभाको बुधबार बैठकको शून्य समयमा सांसदहरुले गणतन्त्रवादी शक्ति एक जुट हुँदै गणतन्त्र र संविधानको रक्षा गर्न जोड दिएका छन् ।
उनहरुले समसामयिक विषयमा सदन मार्फत सरकारको ध्यानाकर्ष गराउँदै सरकार जनताप्रति उत्तरदायी बन्न आग्रह गरे ।
बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सोविता गौतमले गणतन्त्रमा हुर्किएका नयाँ शक्तिलाई झुटा मुद्दा लगाएर सरकारले दमन गर्न लागेको आरोप लगाइन् ।
सांसद सुशीला सिर्पाली ठकुरीले सरकार जनताप्रति उत्तरदायी नहुँदा प्रतिक्रियावादी शक्ति सल्बलाउन थालेको जनाउँदै सरकार देश र जनताप्रति जवाफदेही हुनुपर्छ भनिन् ।
सांसद हितबहादुर तामाङले संविधान र गणतन्त्रवादी एकताबद्ध हुनुपर्नेमा जोड दिँदै राजतन्त्र पुनःस्थापना गर्ने दिवासप्न नदेख्न चुनौती दिए ।
सांसद हितराज पाण्डेले बाख्रापालक किसानले उचित मूल्य पाउन नसकेको, पशु बीमाको प्रभावकारी कार्यान्वयन, दानाको मूल्य नियन्त्रण, घाँसको उचित प्रबन्ध तथा खसीबाख्राको चोरी पैठारी रोक्न सरकारको ध्यानाकर्षण गराए । सांसद सुहाङ नेम्वाङले पूर्वी पहाडी क्षेत्रका दुग्ध उत्पादक किसानका समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराए ।
सांसद हर्कमाया विश्वकर्माले जातीय विभेदलाई बढवा दिने र समाज बिथोल्ने गतिविधिमाथि प्रतिबन्ध लगाउन सुझाव दिइन् । सांसद सुरेन्द्र आचार्यले सुक्खायाममा देशव्यापीरुपमा हुनसक्ने खानेपानीको अभावको अवस्था अन्त्य गरी जनतालाई स्वच्छ पिउने पानीको उचित प्रबन्धन गर्न सरकारको ध्यानाकर्षण गराए ।
सांसद सूर्यबहादुर थापा क्षेत्रीले नौमुरे बहुउद्देश्यीय जलविद्युत् आयोजना तत्काल अघि बढाउन सरकारसँग माग गरे ।
सांसद हृदयराम थानीले सुर्खेत विमानस्थलको उत्तरतर्फ धावन मार्ग विस्तार गर्न, बड्डीचौर–खम्बागाडे सडकको काम तीव्र गतिमा अघि बढाउन सरकारसँग माग गरे ।
सांसद सञ्जयप्रसाद गौतमले नेपाल–भारत सीमाका दशगजा क्षेत्रमा बसोबास गर्ने जनताको समस्यमा समाधानमा केन्द्रित हुन ध्यानाकर्षण गराए । सांसद सूर्यप्रसाद ढकाल र हेमराज राई सरकार देश र जनताप्रति उत्तरदायी हुनुपर्नेमा जोड दिए ।रासस

# ‘क्यान विभाजन विधेयक छिट्टै पारित हुन्छ’

**काठमाडौं ।**
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव डा. विनोदप्रकाश सिंहले नेपाल युरोपेली सङ्घ (इयू) को सुरक्षा सूचीबाट छिट्टै हट्ने विश्वास व्यक्त गरेका छन् ।
नेपाल एशोसिएशन अफ टूर मण्ड ट्राभल एजेन्ट्स (नाट्टा) को ६० औं वार्षिकोत्सवमा उनले इयूको चासोको रुपमा रहेको नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) विभाजन विधेयक छिट्टै संसद्बाट पारित हुने र योसँगै नेपाल इयूको सुरक्षा सूचीबाट हट्ने दाबी गरे ।
प्राधिकरण विभाजनसम्बन्धी विधेयक हालै संघीय संसदमा पेस भएको छ । यसलाई संसद्को दुवै सदनले छलफल गरेर पारित गर्नुपर्ने हुन्छ ।
‘नेपाललाई इयूको सुरक्षा सूचीबाट बाहिर निस्कने पहिलो सर्त भनेकै प्राधिकरणलाई विभाजन गरेर नियामक र सेवाप्रदायक बनाउने हो’, सचिव सिंहले भने, ‘उक्त विधेयक अहिले संसद्मा दर्ता भएको छ । यसमा पनि विभिन्न प्रतिक्रिया आइरहेका छन् ।’ युरोपेली आयोगले सन् २०१३ देखि नेपालको हवाई क्षेत्रमाथि गम्भीर सुरक्षा चासो देखाउँदै कालोसूचीमा राखेको छ । सन् २०१३ बाटै अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) को गम्भीर सुरक्षा चासो (एसएससी) को सूचीमा राखेकोमा सन् २०१७ जुलाईबाट हटाएको थियो । नेपालले पछिल्लोपटक हवाई सुरक्षा दरमा वृद्धि गरेकाले इयूको कालोसूचीबाट हट्ने सरोकारवालाको विश्वास छ ।
सचिव सिंहले मुलुकको आर्थिक विकासका लागि दिगो पर्यटन विकास अपरिहार्य भएको उल्लेख गरे ।
‘मुलुकको दिगो विकास र रोजगारी सिर्जनाका लागि पर्यटन क्षेत्रको महत्वपूर्ण भूमिका छ, जबसम्म पर्यटनको दिगो विकास हुँदैन तबसम्म मुलुक समृद्ध बन्न सक्दैन’, उनले भने, ‘नीतिगत उल्झन र संरचनागत कमजोरीका कारण पर्यटन क्षेत्रले अपेक्षित गति लिन भने सकेको छैन ।’ सचिव सिंहले ६० वर्षको इतिहास बोकेको नाट्टाले नेपालको पर्यटनलाई अन्तरराष्ट्रिय रुपमा प्रवद्र्धन गर्न महत्वपूर्ण भूमिका खेलेको उल्लेख गरे ।
त्यसअवसरमा पूर्वपर्यटन सचिव दीपेन्द्रपुरुष ढकालले नेपालको पर्यटन विकासका लागि नेपालको हवाई क्षेत्र इयूको सुरक्षासूचीबाट हट्नुको विकल्प नरहेको बताए । उनले भैरहवास्थित गौतमबुद्ध र पोखरास्थित पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालन गरेर हवाई सेवालाई चुस्त र प्रभावकारी बनाउन जरुरी भएको उल्लेख गरे ।
नाट्टाका अध्यक्ष कुमारमणि थपलियाले पर्यटन विकासका लागि नीतिगत र संरचनागत सुधार जरुरी भएको खाँचो औंल्याए ।
कार्यक्रममा नाट्टाका पूर्वकार्यकारी प्रमुख डा. हरि शर्मा, नाट्टाका पूर्वअध्यक्ष परिषद्का संयोजक भोलाविक्रम थापालगायतले पर्यटन विकासका लागि सरकार र निजी क्षेत्रको साझेदारितालाई फराकिलो बनाएर लैजानुपर्नेमा जोड दिए । नाट्टा विसं २०२२ फागुन २७ गते स्थापना भएको हो । नेपालको पर्यटन प्रवद्र्धन द्र्धन, विकास र नीति निर्माणमा उल्लेखनीय योगदान पु¥याउँदै आएको छ ।
नाट्टामा हाल मुलुकभर एक हजार एक सयभन्दा बढी टूर तथा ट्राभल व्यवसायी कम्पनी आबद्ध छन् ।
नाट्टाले नेपालमा पर्यटन व्यवसायलाई संस्थागत गर्दै अन्तर्राष्ट्रियस्तरमा नेपाली पर्यटनलाई प्रवद्र्धन गर्ने महत्वपूर्ण कार्य गर्दै आएको जनाएको छ । समयानुकूल नीति निर्माण, पर्यटन प्रवद्र्धनात्मक कार्यक्रम, विभिन्न अन्तर्राष्ट्रिय मेलामा सहभागिता जनाउँदै सरकार र निजी क्षेत्रको प्रभावकारी समन्वय र सहकार्य गर्दै आएको संस्थाले जनाएको छ ।रासस

# ‘त्रिवेणी–दुम्किबास सडक खोल्न पहल भइरहेको छ’

**त्रिवेणी ।**
गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले त्रिवेणी–दुम्किबास सडक खोल्न प्रदेशले पहल गरिरहेको जानकारी दिएका छन् ।
नेपाल पत्रकार महासंघ नवलपुर शाखाद्वारा बुधबार कावासोतीमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा उनले त्रिवेणी–दुम्किबास सडक नखुल्दा परेको समस्याका विषयमा प्रदेश जानकार रहेको र उक्त सडक खोल्न पहल गरिरहेको बताए ।
वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) र विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) स्वीकृत भए मात्र स्थायी बाटो खोल्न सक्ने भएकाले अहिले पहिलो चरणमा इआइएको काम अघि बढिरहेको मुख्यमन्त्री पाण्डेले बताए ।
‘पहिला इआइएका लागि प्रवेश गर्ने अनुमति थिएन, अहिले निकुञ्जले इआइए गर्ने अनुमति दिएको छ । अहिले इआइएको काम अघि बढाउने क्रममा छौँ’, उनले भने,‘त्यसपछि वन्यजन्तुमैत्री, वातावरणमैत्री भौतिक पूर्वाधार बनाउने गरी डिपिआर तयार गरी थप काम बढ्छ ।’
त्रिवेणी–दुम्किबास सडक हुलाकी राजमार्गमा पर्ने भएकाले उक्त आयोजनाअन्तर्गत काम गर्ने गरी समेत छलफल चलिरहेको मुख्यमन्त्री पाण्डेले बताए ।
त्रिवेणी–दुम्किबास सडक निर्माणलाई प्रदेशलाई दिए पनि आफूहरू तयार रहेको उनले बताए । ‘आठ किलोमिटर सडक प्रदेशलाई दिए हुन्थ्यो भन्ने छ, हामी बनाउँथ्यौँ तर यसका आफ्नै प्रक्रिया छ, त्यता लाग्दा झन ढिलो होला भनेर हुलाकी सडक आयोजनाअन्तर्गत बढाउने छलफल चलिरहेको छ’, मुख्यमन्त्री पाण्डेले भने ।
उक्त खण्डलाई स्थायी रूपमा बनाउन समय लाग्ने भएकाले हाल पहिलाकै बाटोलाई सफा गरेर कार, जिप, मोटरसाइकलजस्ता साना सवारी सञ्चालन गर्ने विषयमा केन्द्र सरकार र निकुञ्जसहितका सरोकारवालासँग छलफल भइरहेको उनले बताए ।
यो विषयमा विनयी त्रिवेणी गाउँपालिका समेत निर्णय गरेकाले प्रदेशले समेत केन्द्रमा बाटो सफा गरेर चलाउने विषय अनुमति माग गरको मुख्यमन्त्री पाण्डेले बताए । पहिलेको बाटो सफा गरेर सवारी चलाउन दिए प्रदेशसहित पालिका समेत यसको लागि तयार रहेको उनले बताए ।
नवलपुरको दुम्किबासदेखि बगुवन हुँदै त्रिवेणीसम्म १९ किलोमिटर दूरी पर्दछ । बगुवनसम्म अहिले पनि यातायात सञ्चालन हुने गर्दछन् । बगुवनदेखि त्रिवेणीसम्म १६ किमी पर्दछ । यसको करिब सात किलोमिटर क्षेत्र निकुञ्जले वन्यजन्तुको चरिचरन क्षेत्र बताउने गरेको छ ।
विसं २०५९ सालअघि हुलाकी सडकका रूपमा रहेकोमा यस खण्डमा विसं २०६३ मा सडकको मर्मत गरी यातायात सञ्चालन गरिएको थियो । हुलाकी सडकको रूपमा रहेको यस खण्डलाई गजेन्द्र मोक्ष जनता मार्ग नामकरण गरी विसं २०६३ असोजमा यातायात सञ्चालन गरिएको थियो । विसं २०६४ जेठमा निकुञ्जले वन्यजन्तु चरिचरनको क्षेत्र भनेर समेटेपछि यातायात सञ्चालनमा रोक लगाइएको छ । अहिले त्रिवेणी क्षेत्रमा पर्ने दुई वटा वडाका बासिन्दा लुम्बिनी प्रदेशको बाटो हुँदै करिब ४० किलोमिटर घुमेर गाउँपालिकाको कार्यालय आउनुपर्ने बाध्यता रहेको छ । रासस

# नेपाल नामिबियासँग पराजित




**काठमाडौँ ।**
महिला ट्वान्टी–२० अन्तरराष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत बुधबार भएको खेलमा नेपाल नामिबियासँग पराजित भएको छ । जारी प्रतियोगितामा नेपालको यो प्रतियोगितामा तेस्रो हार हो ।

युगान्डाको एन्टेब्बे क्रिकेट ओभल मैदानमा नेपाल नामिबियासँग २३ रनले पराजित भएको हो । हारसँगै नेपाल फाइनल पुग्ने सम्भावना कमजोर बनेको छ । नामिबियासँगको पहिलो भेटमा पनि नेपाल ६ विकेटले पराजित भएको थियो । यस्तै घरेलु टोली युगान्डलाई एक विकेटले हराएको नेपाल हङकङसँग दुई रनले पराजित भएको थियो । प्रतियोगितामा दोस्रो जित निकालेको नामिबियाको चार खेलमा चार अङ्क छ । नामिबियाले यसअघि पनि नेपाललाई पराजित गरेको थियो । साथै हङकङसँग चार विकेट र युगान्डासँग एक रनको पराजय बेहोरेको थियो ।

नामिबियाले प्रस्तुत गरेको १२६ रनको लक्ष्य पछ्याएको नेपालले २० ओभर पाँच विकेट गुमाउँदै १०२ रन मात्रै बनाउन सक्यो । नेपालका लागि साना प्रवीनले ३१, कविता कुँवरले अविजित १७ तथा पूजा महतो र कप्तान इन्दु बर्माले समान १५ रन बनाए ।

नामिबियाका लागि इब्लिन केजरुक्काले दुई तथा विल्का एमवाटिल, साइमा टुहाडेलिनी र मिकेली एमवाटिलले समान एक÷एक विकेट लिए । टस हारेर पहिले ब्याटिङ गरेको नामिबियाले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै १२५ रनको योगफल बनाएको थियो । नामिबियाका लागि यास्मिन खानले ४५,विल्का एमवाटिलले २०, आरास्ता डियर्गार्डले अविजित १६ तथा सुने विटम्यानले १५ रन बनाए ।

नेपालका लागि ईश्वरी विष्टले तीन, रचनाकुमारी चौधरीले दुई तथा रिया शर्मा र इन्दु बर्माले समान एक÷एक विकेट लिए । नेपालले अर्को खेल भोलि युगान्डासँग खेल्ने तालिका छ । रासस

# पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट पोखरा–छेन्दु उडान हुँदै

**गण्डकी ।**
पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडानको प्रयासस्वरुप यही चैत ५ गते पोखराबाट मित्रराष्ट्र चीनको छेन्दुसम्म पहिलो व्यवसायिक चार्टर्ड उडान गरिने भएको छ ।

लामो समयदेखि पोखरेली जनसमुदायको माग तथा सरकारी र निजी क्षेत्रको संयुक्त प्रयासबाट सञ्चालनमा आएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटन भएको दुई वर्षसम्म पनि नियमित अन्तर्राष्ट्रिय उडान हुन नसकेका अवस्थामा पहिलोपटक व्यावसायिक चार्टर्ड उडान गर्न लागिएको पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले जानकारी दिए ।

‘पोखराबाट अन्तर्राष्ट्रिय विमान सुचारु गर्नको लागि पटकपटक राज्यका सम्बन्धित उच्च निकायमा ध्यानाकर्षण गरिरहदा पनि उडान सुचारु हुन नसक्दा हामी निजी क्षेत्रका पर्यटन व्यवसायीले नै केही प्रयास गरौँ भन्ने उद्देश्यका साथ पोखरा पर्यटन परिषद्को नेतृत्वमा नेपालस्थित चिनियाँ राजदूतावास र सिचुवान एयरलाइन्स सँगको सहकार्यमा यो अन्तर्राष्ट्रिय उडान गर्न लागिएको हो’, उनले भने ।

यसमा विशेषतः चीनस्थित चाइना ट्राभल्स इन्टरनेसनल छेन्दुले सुरुआती उडानहरुमा सहकार्य गरिरहेको बताउँदै उनले नेपालस्थित चाइनिज ओभरसिज एसोसिएसनले पनि संयोजनकारी भूमिका निर्वाह गरेको जानकारी दिए । यो उडानले पोखरा र समग्र गण्डकी प्रदेशकै पर्यटन चलायमान हुने विश्वास लिइएको उनको भनाइ छ ।




आगामी तीन महिनासम्मको अवधिमा करिब एक हजार २५० जना चिनियाँ पर्यटक चीनको सिचुवान प्रदेशबाट हवाईमार्गबाट सीधा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गराउन प्रयासरत रहेको चिनियाँ दूतावास, सिचुवान एयरलाइन्स र चाइना ट्राभल इन्टरनेसनल छेन्दुले जानकारी गराएको उनले बताए ।

सुरुवाती चरणमा केही व्यावसायिक चार्टर्ड उडानबाट सुरु गरेर यसलाई व्यावसायिक उडानमा परिणत गरी नियमित अन्तर्राष्ट्रिय उडान गर्ने कार्यको लागि पोखरा पर्यटन परिषद् र समग्र पर्यटन व्यवसायीहरू निरन्तर प्रयासमा लागिरहेको परिषद्ले जनाएको छ ।

पोखराबाट नियमित अन्तर्राष्ट्रिय उडानको प्रयासस्वरुप पहिलोपटक व्यावसायिक चार्टर्ड उडान हुन लागेको बताउँदै पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले अब चार्टर्ड मात्र नभई नियमित उडान हुनुपर्ने बताए ।

ठूलो जनसङ्ख्या रहेको चीनबाट पर्यटक भित्र्याउन सकिएमा त्यसले पोखरा सहित समग्र नेपालको पर्यटनमा महत्वपूर्ण योगदान पुग्ने उनले बताए ।

नेपालस्थित चिनिया राजदूतावासका डिसिएम वाङ सिनले पोखराबाट हुन लागेको व्यावसायिक चार्टर्ड उडानले पोखराको समग्र आर्थिक एवं पर्यटकीय विकासमा महत्वपूर्ण योगदान पु¥याउने बताउँदै नेपाल चीनबीचको वर्षौंदेखिको सम्बन्ध आगामी दिनमा थप प्रगाढ बन्दै जाने उनले विश्वास व्यक्त गरे ।

उडानको तालिका अनुसार चैत ५ गते छेन्दुबाट बिहान १० बजे १२७ जना चिनियाँ यात्रु लिएर विमान पोखरा विमानस्थल अवतरण गर्नेछ । उक्त दिन दिउँसो १२ बजे १२७ जना पोखराबाट पर्यटन व्यवसायी छेन्दु प्रस्थान गर्नेछन् ।

उक्त व्यावसायिक चार्टर्ड उडानमा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछाने, पोखरा भ्रमण वर्ष २०२५ कार्यसम्पादन समितिका संयोजक गोपीबहादुर भट्टराई,पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीलगायत सहभागी बन्ने जनाइएको छ ।

पहिलो व्यावसायिक उडानका क्रममा हुनेसात रात आठ दिनसम्मको कार्यक्रममा विशेषतः सिचुवान प्रदेशको छेन्दु, लुझेउ, इमि, लिसन, छोङछिङ केन्द्रित रही त्यहाँका पर्यटन विकास, विस्तारका बारे जनकारी लिइने परिषद्का महसचिव जीवनराज सापकोटाले जानकारी दिए । त्यस्तै नेपाल पर्यटन बोर्डको आयोजना तथा नेपाली महावाणिज्य दुतावास छेन्दुको सहकार्यमा छेन्दु र छाउछिङमा क्रमशः १९ र २२ मार्चमा नेपाल इभिङ र सेल्स मिसन गर्न लागिएको नेपाल पर्यटन बोर्ड पोखरा कार्यालयका प्रमुख मणिराज लामिछानेले जानकारी दिए ।

‘पोखराबाट अन्तर्राष्ट्रिय उडानका रुपमा गर्न लागिएको पहिलो व्यावसायिक चार्टर्ड उडानसँगै गरिने सेल्स मिसनका कार्यक्रमले पोखरा सहित समग्र नेपालको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण टेवा पुग्नेछ’, उनले भने ।

त्यस्तै पोखरा महानगरपालिकाका प्रमुखको नेतृत्वमा लुझोउ सहरमा केही विशिष्ट व्यक्तिहरू सहित समकक्षीसँग भेटवार्ता एवं महत्वपूर्ण विषयमा छलफल गरिने जनाइएको छ ।

सञ्चालनको दुई वर्षसम्म पनि पोखराबाट नियमित अन्तर्राष्ट्रिय उडान हुन नसकेका अवस्थामा पहिलोपटक गर्न लागिएको व्यवसायिक चार्टर्ड उडान आफैंमा महत्वपूर्ण रहेको पोखरा भ्रमणवर्ष २०२५ कार्यसम्पादन समितिका संयोजक गोपीबहादुर भट्टराईले बताए । रासस

# आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक पेस

**काठमाडौँ ।**
प्रतिनिधिसभामा ‘आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१’ प्रस्तुत गरिएको छ । प्रतिनिधिसभाको बुधबारको बैठकमा उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विधेयक संसदसमक्ष प्रस्तुत गरेका हुन् ।

त्यस अवसरमा विरोधको सूचना दर्ता गराएका सांसदहरुको जिज्ञासाको जवाफ दिँदै अर्थमन्त्री पौडेलले संघीय सरकारले कानुनमात्र बनाउने र विकासका सम्पूर्ण काम प्रदेश सरकारलाई दिनुपर्छ भन्ने विषय संवैधानिक नहुने तर्क गरे ।

उनले भने, ‘संघीय सरकारले कानुनमात्र बनाउने विकासका सम्पूर्ण काम प्रदेश सरकारलाई दिनुपर्छ भन्ने भनाइ झट्ट सुन्दा आकर्षक लाग्ला, तर त्यसरी देश बन्दैन, हाम्रोमा तीन तहको सरकार छ, हामीले तीनै तहमा कार्यकारी व्यवस्थापकीय र न्यायिक अधिकारसहितको संरचनाको व्यवस्था गरेका छौँ ।’

आगामी आर्थिक बजेटको निर्माण गर्दा नेपालले अबलम्बन गरेका करसम्बन्धी नीतिलाई छलफल गरेर सरकार अगाडि बढ्ने उनको भनाइ थियो ।

‘आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि सांसदहरु प्रभु साह, प्रकाश ज्वाला, प्रेम सुवाल, चित्रबहादुर केसी, देवेन्द्र पौडेल र नारायणी शर्माले विरोधको सूचना दर्ता गराएका थिए ।

सांसद प्रभु साहले सरकारले कर उठाएवापत जनतालाई केही पनि दिन नसकेको बताए । सांसद प्रकाश ज्वालाले सरकारले ससद्, संसदीय समिति र सांसदलाई नजरअन्दाज गरेको बताए ।

सांसद प्रेस सुवालले आर्थिक कार्यविधिलाई पारदर्शी बनाउन नयाँ पुस्तालाई सुसंस्कृत र अनुशासित बनाउनुपर्ने बताए। उनले विज्ञान तथा प्रविधि अध्ययन संस्थान (डीन) को कार्यकक्षमा सत्तारुढ दलकै विद्यर्थीहरुले तोडफोड गरेको घटना सार्वजनिक भएको उल्लेख गरे ।

सांसद चित्रबहादुर केसीले व्यवहारिक रूपमै देशको आर्थिक विकास हुनुपर्ने माग गरे। सांसद देवेन्द्र पौडेलले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ ले योजना आयोगको भूमिकालाई न्यूनीकरण गरेको भन्दै विधेयकको विरोध गरे।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ सम्बन्धी विरोधको सूचनालाई बैठकले बहुमतले अस्वीकृत गरेको थियो । रासस

# सागसब्जी बेचेर मासिक एक लाख आर्जन

**धरान ।**
प्रत्येक दिन रोजगारीको खोजीमा सयौँ युवा विदेशिने गरेका छन् भने केही भने विदेशबाट फर्किएर स्वदेशमा नै व्यवसायी बनेका छन् ।



विदेशबाट फर्किएर नेपालमा स्वरोजगार बनेका एक उदाहरण हुन् रामधुनी नगरपालिका–२ कालीझोडाका किसान सुरकुमार राई । एघार वर्ष विदेशमा श्रम गरेर स्वदेश फर्किएका उनले ३० हजार लगानीमा सुरु गरेको सागसब्जीखेतीबाट वार्षिक १२ लाख आम्दानी गर्दै आएका छन् ।

विसं २०७६ सालमा रामधुनी कृषि फार्म दर्ता गरेर अहिले १२ कट्ठा जमिनमा गोलभेँडाखेतीसँगै अन्य सागसब्जीखेती गरिरहेका सोलुखुम्बुका उद्यमी राईले मलेसिया र सिङ्गापुरमा आर्जन गरेको रकमबाट इलम थालेको बताए । उनको बारीमा गोलभेँडासँगै बोडी, सिमीलगायत सागसब्जी लहलहाएका छन् । उनको बारीमा दैनिक ज्यालादारीमा तीन जना कार्यरत छन् ।

उनले भने,‘अहिले गोलभेँडाको सिजन अलि कम हुँदै गएका कारण तीनजना मात्र कामदार राखेको छु, , गोडमेल, मल हाल्ने मुख्य सिजनको समयमा १० जनासम्म कामदार राख्ने गरेको छु । मैले उत्पादन गरेको सागसब्जी बिक्रीका लागि बजार लानु पर्दैन, बजारको समस्या छैन खरिद गर्न व्यापारी आफैँ फार्ममा आउनुहुन्छ । धरान, इटहरी, गाईघाट, दमक बराहक्षेत्रका व्यापारी फार्ममा नै गोलभेँडा खरिद गर्न आउने गरेका छन् ।’

गोलभेँडाको मूल्य मङ्सिरदेखि पुससम्म राम्रो हुन्छ जुन समय ४५ देखि ६० सम्ममा फार्मबाटै व्यापारीले खरिद गरेर लाने गरेकामा अहिले भने बजारमा गोलभेँडाको मूल्य घटेको कारण १० देखि १५ रुपैयाँमा बिक्री गर्नुपरेको उनले बताए । प्लाष्टिक टनेलमा गोलभेँडाखेती गरेका उनी यसो गर्दा उत्पादन बढ्ने उनले सुनाए । गोलभेँडाखेती सुरु गरेको वर्ष स्थानीय सरकारबाट उत्कृष्ट किसानका रूपमा पुरस्कृत भएपछि उनले पछाडि फर्केर हेर्नु परेको छैन । उनी काममा नै तन्मय छन् ।

गोलभेँडा आठ महिना उत्पादन हुन्छ, सिजनमा दैनिक १४ क्विन्टलसम्म बिक्री हुने गरेको उनले बताए । एक सिजनमा उनले तीन हजार क्विन्टलसम्म गोलभेँडा बिक्री गर्दै आएका छन् । स्थानीय सरकारले प्रत्येक वर्ष अनुदानस्वरुप गोलभेँडाको बीउ, मल प्रदान गर्ने गरेको छभने कृषि ज्ञान केन्द्रले २०७७ सालमा दिएकोरु सात लाख अनुदानले गोलभेँडाखेती विस्तार गर्न सहयोग पुगेको बताए ।

अनुदानसँगै तालिम पनि पाएमा कीरा नियन्त्रण गर्न सजिलो हुने उनी बताउँछन् ।

गोलभेँडाखेतीमा सही प्रविधि र सरकारी सहयोगसँगै बजार व्यवस्थापन राम्रो भयो भने अझ व्यावसायिक रूपमा राम्रो खेती गर्न सकिन्छ ।

जिल्लामा हाल आठ हजार एक सय ५३ हेक्टरमा सागसब्जीखेती हुँदै आएको कृषि ज्ञान केन्द्रका सूचना अधिकृत प्रवीणलाल श्रेष्ठले बताउँछन् । रामधुनीका साथै बराह क्षेत्रलगायत स्थानका किसानले गोलभेँडा, बन्दाकोबी र बोडीखेती गर्दै आएका छन् । रासस

# अमेरिकी इस्पात भन्सार शुल्कबाट मुक्त नहुनु ‘खेदजनक’: जापान

**टोकियो ।**
जापानले बुधबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको इस्पात र आल्मोनियममा २५ प्रतिशत भन्सारबाट देशलाई छुट नदिनु खेदजनक भएको बताएको छ ।

जापानले प्रतिशोधात्मक उपायहरूबारे विचार गरिरहेको छ कि भनेर सोधिएको प्रश्नमा शीर्ष सरकारी प्रवक्ता योसिमासा हयासीले दुई राष्ट्रले अमेरिकी समयानुसार मध्यरात (जिएमटी)मा लागू भएको भन्सार शुल्कको विवरण छलफल गर्न जारी राख्ने बताए ।

‘व्यापार सीमित गर्ने व्यापक उपायहरूले जापान–अमेरिका आर्थिक सम्बन्धका साथै विश्व अर्थतन्त्र र बहुपक्षीय व्यापार प्रणालीमा उल्लेखनीय प्रभाव पार्ने जोखिम रहन्छ,’ हयासीले पत्रकारहरूलाई भने,‘जापानलाई अतिरिक्त भन्सार लगाउनबाट बाहिर नराखिएकामा खेदजनक छ ।’

सन् २०२४ मा जापानले तीन करोड १४ लाख टन इस्पात निर्यात गरेको थियो । सोमध्ये ११ लाख टन अमेरिकामा गएको थियो । वासिंटनका अनुसार यो देशको इस्पात आयातको चार प्रतिशत हो ।

‘जापानी इस्पात र आल्मोनियम उत्पादनहरूको आयातले अमेरिकी राष्ट्रिय सुरक्षालाई हानी गर्दैन । बरु हाम्रा उच्च गुणस्तरका उत्पादनहरू प्रतिस्थापन गर्न कठिन छ र अमेरिकी निर्माण उद्योगको प्रतिस्पर्धालाई बलियो बनाउन आवश्यक छ,’ हयासीले भने ।

अर्थव्यवस्था, व्यापार र उद्योगमन्त्री योजी मुटोले यस हप्ता वासिंटनमा अमेरिकी अधिकारीहरूलाई जापानलाई धातु र सवारी भन्सार शुल्कबाट छुट दिन आग्रह गरेका थिए ।

‘संयुक्त राज्य अमेरिकामा इस्पात र आल्मोनियमको जापानी निर्यातको अनुपात धेरै सानो छ । त्यसैले,जापानी कम्पनीहरूमा प्रत्यक्ष प्रभाव त्यति ठूलो हुनेछैन,’ जापान बिजनेस फेडरेसनका अध्यक्ष मासाकाजु टोकुराले यस हप्ताको सुरुमा भनेका थिए ।

यद्यपि, विशेष गरी धेरै जापानी कम्पनीहरू मेक्सिको र क्यानडामा विस्तार भएका छन् । त्यहाँबाट संयुक्त राज्य अमेरिकामा निर्यात गरिरहेकाले अटोमोबाइलहरूमा लगाइएको भन्सार शुल्कले महत्त्वपूर्ण प्रभाव पार्नेछ । ‘सबैभन्दा ठूलो समस्या भनेको व्यापारको पूर्वानुमान क्षमतामा आएको गिरावट हो, जसले कम्पनीहरूलाई लगानी गर्न हिचकिचाउने बनाउन सक्छ,’ टोकुराले भने ।

जापान विश्वको सबैभन्दा धेरै बिक्री हुने कार निर्माता टोयोटाको घर हो र अटो उद्योगको स्वास्थ्यले पार्टस् निर्माणदेखि इस्पात र माइक्रोचिपसम्म धेरै क्षेत्रहरूलाई असर गर्छ ।

सन् २०२४ मा देशको २१३ खर्ब येन (एक खर्ब ४५ अर्ब डलर) अमेरिकी निर्यातमा कार र अन्य सवारीसाधनको हिस्सा लगभग एकतिहाइ थियो । रासस

# देशको मुख्य समस्या भनेको स्थिर सरकार नहुनु होः मृगेन्द्रकुमारसिंह यादव

*सङ्घीयता कार्यान्वयनका लागि बनाउनुपर्ने कानुन पनि बन्न सकेका छैनन् । सङ्घीय सरकारले प्रदेश र स्थानीय तहलाई अधिकार दिएको छैन । प्रहरीबिना, कर्मचारीबिना प्रदेश सरकार चलिरहेको छ । यदि सङ्घीयतालाई अझै बलियो र सुदृढ बनाउने हो भने सङ्घीय सरकारले जतिसक्दो चाँडो सङ्घीयतासम्बन्धी कानुन बनाएर कार्यान्वयन गर्नुपर्छ ।*



**काठमाडौँ ।**
जनता समाजवादी पार्टी नेपालका उपाध्यक्ष मृगेन्द्रकुमारसिंह यादव राष्ट्रियसभाको सदस्य हुन् । विसं २०४३ मा पहिलोपटक राष्ट्रिय पञ्चायतको सदस्यसमेत बनेका यादव पूर्वमन्त्री, प्रतिनिधिसभाको सांसद समेतका विभिन्न पदमा रहेर काम गरिसकेका छन् । उनी विगत पाँच वर्षदेखि राष्ट्रियसभामा छन् । विगत लामो सयमदेखि मधेशी समुदायको अधिकारको निम्ति सङ्घर्ष गर्दै आएका उनी एक परिपक्क नेता मानिन्छन् ।

राष्ट्रियसभा परिपक्क सदस्यहरूको सभा हो । यो सभाले आफूलाई दिएको अधिकारको प्रयोग गरेर काम गर्दै आएको छ । संविधानको मूल मर्मअनुरुप यसले कानुन निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । त्यसैगरी जनताका सवाललाई उठाएर सरकारसम्म पुर्याउने काम गर्दै आएको छ । विकास निर्माणमा सरकारलाई घच्घच्याउने काम पनि गर्दै आएको छ । तर पछिल्लो समय प्रतिनिधिसभाका एक सांसदले राष्ट्रियसभालाई 'वृद्धाश्रम' भनेर होच्याएको पनि पाइयो । तर त्यसो होइन । कानुन निर्माण गर्ने सवालमा प्रतिनिधिसभाको तुलनामा बढी छलफल हुन्छ राष्ट्रियसभामा । सरकारले ल्याएका सबै विधेयकमा राष्ट्रियसभाअन्तर्गतका विषयगत समितिमा विस्तृत रूपमा छलफल हुन्छ । समितिमा सरोकारवाला विज्ञलाई बोलाएर छलफल गरिन्छ । म प्रतिनिधिसभामा पनि सांसद थिएँ । तर त्यहाँ राष्ट्रियसभामा जति छलफल हुँदैन ।

जनता समाजवादी पार्टी नेपालले पहिलेदेखि नै अहिलेको संविधानमा सुधार गर्नुपर्छ भन्दै आएको हो । अहिले पनि भन्छौँ, संविधानलाई संशोधन गरेर सर्वमान्य बनाउनुपर्छ । संविधानमा धेरै कुरा छुटेका कारण कतिपय विषय कार्यान्वयन हुनसकेको छैन । जस्तो, सङ्घीयताको सही कार्यान्वयन हुनसकेको छैन । सङ्घीयता कार्यान्वयनका लागि बनाउनुपर्ने कानुन पनि बन्न सकेका छैनन् । सङ्घीय सरकारले प्रदेश र स्थानीय तहलाई अधिकार दिएको छैन । प्रहरीबिना, कर्मचारीबिना प्रदेश सरकार चलिरहेको छ । यदि सङ्घीयतालाई अझै बलियो र सुदृढ बनाउने हो भने सङ्घीय सरकारले जतिसक्दो चाँडो सङ्घीयतासम्बन्धी कानुन बनाएर कार्यान्वयन गर्नुपर्छ । शिक्षा ऐन पनि आउन सकेको छैन । संविधान संशोधनकै लागि हामीले वर्तमान सरकारलाई अहिलेसम्म समर्थन गरिरहेका छौँ ।

भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्छु भनेर यो सरकारलाई समर्थन दिएको हो । सरकारले मधेशी समुदायको मात्र होइन, महिला, आदिवासी जनजाति, दलितलगायत समग्र सीमान्तकृत समुदायको निम्ति काम गर्नुपर्छ । सरकारले कसैलाई पनि भेदभाव गर्नु हुँदैन । सरकारको नजरमा सबै जनता बराबर हुन् । सरकारले सीमान्तकृत समुदायसँग सम्बन्धित कानुन बनाएर लागू गर्नुपर्छ । कानुनमा कसैलाई काखा र कसैलाई पाखा गर्नु हुँदैन । सरकार सबैको हो । सुशासनको निम्ति पहिला भ्रष्टाचार अन्त्य गर्नुपर्छ । प्रधानमन्त्री वा मन्त्रिपरिषद्का सदस्यले भ्रष्टाचार गरेका छन् भने पनि कारबाही हुनुपर्छ । भ्रष्टाचार अन्त्य गर्ने हो भने सरकारमा रहेका मन्त्री र राजनीतिक दलका नेताबाट छानबिन सुरु गर्नुपर्छ । त्यसपछि निजामती कर्मचारीमा पनि छानबिन गर्नुपर्छ । यहाँ त भ्रष्टाचारीलाई ढाकछोप गर्ने चलन छ । आर्थिक हिनामिना गरेको छ, भ्रष्टाचार गरेको छभने जोकोहीमाथि कानुनबमोजिम कडा कारबाही हुनुपर्छ ।

यो देशको मुख्य समस्या भनेकै स्थिर सरकार नहुनु हो । एउटाले बल्लतल्ल सरकार बनाएको हुन्छ, अर्कोले ढाल्ने खेल सुरु भैहाल्छ । नौ–नौ महिनामा सरकार परिवर्तन भएर कहाँबाट विकास हुन्छ ? मन्त्रीहरूले राम्रोसँग बुझ्न नपाउँदै सरकार ढलिसक्छ । जोपनि प्रतिपक्षमा हुँदा ठूला– ठूला कुरा गर्ने सरकारमा गएपछि केही पनि नगर्ने परिपाटी छ । जनताको अवस्था कसरी सुधार गर्ने भन्नेतर्फ कुनै राजनीतिक पार्टीको ध्यान छैन ।

देश विकासका बारेमा कसैले सोचेकै छैन । भाषण ठुल्ठूला गर्ने, काम भनेको सत्तामा जाने मात्रै गर्ने । खासगरी, देशका तीन ठूला दल नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)ले सत्ताकेन्द्रित राजनीति मात्र नगरी मुलुकका मुख्य समस्यालाई सम्बोधन गर्न गम्भीर हुनुपर्ने खाँचो छ ।

विभिन्न समयमा भएका आन्दोलनबाट प्राप्त उपलब्धि रक्षाका लागि शोषित, पीडित, उपेक्षित समुदाय सङ्गठित हुनु जरुरी छ । देशमा सङ्घीय शासन व्यवस्था त्यसै आएको होइन, कठोर सङ्घर्षबाट आएको हो । परिवर्तनबाट थोरै भए पनि अधिकार प्राप्त गरेका जनताले महसुस गर्न पनि पाएका छैनन् । शोषित, पीडित, उपेक्षित जनतालाई यो व्यवस्थामा कमबेसी राहत मिलेको छ । यसलाई पनि उल्ट्याउन विभिन्न शक्तिहरू सक्रिय भएको देखिन्छ ।

देशबाट युवा पलायन रोक्न सरकारले रोजगारी सृजना गर्नुपर्छ । हाम्रो देश कृषिप्रधान हो । यहाँ झण्डै ६५ प्रतिशत जनता कृषि पेसामा छन् । तर कृषकले समयमा मल पाइरहेका छैनन्, सिँचाइको भरपर्दो सुविधा पनि छैन । कृषिलाई आधुनिकीकरण गरेर वैज्ञानिक प्रविधिसँग जोड्नुपर्छ । त्यसो गरेको खण्डमा आयात प्रतिस्थापन गर्न सक्छौँ । अहिले अर्बौंको कृषिउपज आयात भइरहेको छ । देशभित्रै आम्दानीका स्रोत उपलब्ध भए ४०–५० डिग्री तापक्रममा काम गर्न कुन युवा विदेश जान्छ र ? त्यसैले सरकारले कृषिमा लगानी बढाउँदै लैजानुपर्छ । हामी सांसदको काम कानुन बनाउने हो । जनताका विषयलाई संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउने हो । अब म राष्ट्रियसभामा जतिन्जेल बस्छु, जनताको पक्षमा कानुन निर्माणका लागि भूमिका निर्वाह गर्नेछु । जनताका सवाललाई सरकारसमक्ष पुर्याउन पहल गर्नेछु । रासस

# चुरे समितिमा दस वर्षमा झण्डै १५ अर्ब रुपैयाँ खर्च उपलब्धि कति ?

**काठमाडौँ।**
राष्ट्रपति चुरे–तराई मधेश संरक्षण विकास समिति स्थापना भएयता १० वर्षमा झण्डै १५ अर्ब रुपैयाँ खर्च भएको छ। समितिले यस अवधिमा गरेको खर्च उद्देश्यअनुसारको उपलब्धिबारे समिक्षा हुन थालेको छ। विसं २०७१ असार २ गते स्थापना भएको समितिले आर्थिक वर्ष २०८०÷८१ सम्म १४ अर्ब ९६ करोड रुपैयाँ खर्च गरेको छ। समितिका अनुसार यस अवधिमा वित्तीय प्रगति ८८ दशमलव ९३ र भौतिक प्रगति ९१ दशलवल ८४ प्रतिशत भएको छ। समितिमा मासिक तलब सुविधा लिने छ पदाधिकारीसहित १२४ जना कर्मचारीको दरबन्दी रहेकामा हाल ८६ जनाको पदपूर्ति रहेको छ।

समितिले हालसम्म एक हजार ४५९ स्थानमान गल्छी, पहिरो, खहरे नियन्त्रण, १६६ हेक्टर भिरालो कृषि भूमिमा बहुवर्षिय बाली विस्तार गरेको समितिका अध्यक्ष डा किरण पौडेलले जानकारी दिनुभयो। त्यस्तै पाँच हजार २३० हेक्टरमा हरियाली प्रवद्र्धन कार्यक्रम गरेको र दुई करोड ९३ लाख ४९ हजार विरुवा उत्पादन र वितरणलाई समितिले उपलब्धिमा मानेको छ।

'हालसम्म हामीले नदि÷खोला किनारामा ४१२ किमी तटबन्ध निर्माण, १६२ हेक्टर हरित पेटिका निर्माण, १३९ सिमसार तालतलैया संरक्षण÷पुनःनिर्माण, ६२८ वर्षातको पानी सङ्कलन पोखरी निर्माण र ५४८ वटा पानी मुहान संरक्षण गरेको छौँ', उनले भने, 'यस बाहेक अन्य विभिन्न कार्य पनि गर्दै आएका छौं, गुरुयोजनाअनुसार बजेट प्राप्त गर्न नसकेका कारण अपेक्षाकृत काम गर्न सकेका छैनौ, आवश्यकताअनुसारको जनशक्तिको पनि कमी छ।'

ललितपुरमा केन्द्रीय कार्यालय रहेको समितिले मुलुकभर सलकपुर, जनकपुर, चितवन, बुटवल र लम्कीमा कार्यक्रम कार्यान्वयन इकाई स्थापना गरी काम गर्दै आएको जनाएको छ। चुरे क्षेत्र सात प्रदेशका ३७ जिल्ला र ३२५ स्थानीय तहमा फैलिएको छ। कमलो भूवनोट, जनसंख्या बसाईसराई, जलवायुजन्य जोखिम, आगलागीलगायतका कारणले चुरे विनास हुँदै गएको छ। चुरेको प्राकृतिक स्रोत संरक्षण, दीगो व्यवस्थापन, पारिस्थितिकीय सेवाको सम्बद्र्धनद्वारा गरिबी न्यूनीकरणमा टेवा पु¥याउने लक्ष्यका साथ भएको समितिको स्थापना भएको हो।

समितिले स्थापनाकालदेखि नै विभिन्न विवाद र चुनौतीको सामना गर्नुपरेको थियो। राजनीतिक हस्तक्षेपको सामना गर्नुपरेको गुनासो गर्दै आएको समितिले आफै बेला बेला भ्रष्टाचार र अनियमितताको आरोप पनि खेप्दै आएको छ । हाल समितिका दुई पदाधिकारीको नियुक्तिमा अयोग्यता पुष्टि भएपछि अदालतको आदेशानुसार पदमुक्त भएका छन् । पछिल्लो समय समितिलाई प्रभावकारी र चुस्त बनाउन सरकारले यसको पुनःसंरचनाका लागि कार्यदल गठन गरी सुझाव सङ्कलन गर्न लागेको छ।

स्थापनाकालदेखि नै समिति गठनको विरोध

सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालले समुदायलाई वेवास्ता गरी समितिको स्थापना भएको भन्दै सुरुदेखि नै विरोध जनाउँदै आएको छ। महासङ्घका अध्यक्ष ठाकुर भण्डारीले समितिका काम स्थानीय जनतासँग नजोडिएको भन्दै समिति जनतामाथि शासन गर्न गठन गरिएको टिप्पणी गरे। 'यसले स्थानीय आदिवासी÷जनजातिको अधिकार कुण्ठित गरेको छ। यो समिति तत्काल खारेज गर्नुपर्छ, यो जति दिन रहन्छ, त्यति नै चुरे विनाश हुने क्रम पनि जारी रहन्छ, चुरेको संरक्षण गर्न समुदाय नै सक्षम छन्', उनले भने, 'समुदायलाई पन्छाएर गरिएका काम दिगो हुन सक्दैनन्। प्राकृतिक स्रोतको अधिकारबाट स्थानीय समुदायलाई बञ्चित गर्नुहुँदैन ।' चुरे समितिका संस्थापक अध्यक्ष रामेश्वर खनालले भने समितिले चुरेको संरक्षणमा उल्लेख्य योगदान रहेको बताउँदै समितिका काम प्रभावकारी बनाउन समितिलाई गुरुयोजना कार्यान्वयन गर्ने गरी बजेटको व्यवस्था हुनुपर्ने र आवश्यक जनशक्तिको व्यवस्थापन गर्नुपर्ने सुझाव दिए। साथै चुरेसम्बन्धी ऐन ल्याउनुपर्ने, समितिमा समुदायको समेत प्रतिनिधित्व गर्नुपर्ने, प्रदेश सरकार र सरोकारवाला निकायलाई समन्वय गर्ने गरी काम गर्नुपर्ने उनको सुझाव छ।

त्यस्तै चुरे विज्ञ डा विजयसिंह दुनवारले तराई मधेशको सुरक्षित भविष्यका चुरेको संरक्षण अतिआवश्यक भएको बताउँदै चुरे विनाश भएमा तराई क्षेत्र मरुभूमिमा परिणत हुनेमा चिन्ता व्यक्त गरे । चुरे संरक्षणका लागि समितिको महत्व दर्शाउँदै उनले पनि समितिका काम प्रभावकारी बनाउन चुरेसम्बन्धी ऐन ल्याउनुपर्ने सुझाव दिए।

महालेखापरीक्षकको कार्यालयले समितिले लक्ष्यअनुसार प्रगति नभएको औल्याएको छ । महालेखापरीक्षकको ६१औँ वार्षिक प्रतिवेदनमा समितिको गुरुयोजनाको पहिलो पाँच वर्षको लक्ष्य प्रगति विवरणअनुसार ३६ जिल्लामा वन व्यवस्थापकीय एकाइ छुट्टिने गरी वन क्षेत्रको नक्साङ्कन गर्ने, १४ हजार १५० हेक्टर वन अतिक्रमण नियन्त्रण गर्ने, चार हजार ८०० कृषक समूहमा वन क्षेत्र तथा बगरमा चरिचरन व्यवस्थापन गर्ने जस्ता लक्ष्यमा प्रगति नभएको उल्लेख छ।

त्यस्तै सात हजार २६५ हेक्टर भिरालो कृषि भूमिमा बहुवर्षीय बाली विस्तार गर्ने, एक लाख ६५ हजार ६७५ हेक्टर वन व्यवस्थापन गर्ने, १८० नदीमा नदीजन्य पर्दाथको उपयोग व्यवस्थापन गर्ने, संवेदनशील क्षेत्रमा रहेका २० हजार ५०५ घरधुरीका लागि बस्ती व्यवस्थापन गर्ने, ३८ हजार ४८४ घरधुरीमा गार्हस्थ्य सौर्य ऊर्जा विस्तार र लघु जलविद्युत् विकास तथा उपयोग २६१ किलोवाट पु¥याउने जस्ता लक्ष्यमा पनि प्रगति नभएको प्रतिवेदनमा उल्लेख छ।

यसैगरी ८९ सीमसार क्षेत्र व्यवस्थापन गर्ने लक्ष्य भएकामा ६५ मात्र प्रगति भएको, ६४ नदीमा एकीकृत नदी प्रणाली स्रोत विकास कार्ययोजना तयार गर्ने लक्ष्य भएकोमा ४७ मा मात्र प्रगति भएको, ८१ हजार १३७ घरधुरीमा गोबरग्यास विस्तार गर्ने लक्ष्य भएकोमा एक हजार ९१७ घरधुरीमा मात्र विस्तार भएको प्रतिवेदनमा उल्लेख छ। गुरुयोजना कार्यान्वयनका पाँच वर्षमा अपेक्षित उपलब्धि हासिल हुन नसकेको औल्याउँदै प्रतिवेदनले गुरुयोजनामा समावेश भएका लक्ष्यहरू पूरा हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने महालेखापरीक्षकको कार्यालयले सुझाएको छ। रासस

# अग्रिम जमानतको कानुनी प्रबन्ध गर्दैछौँ : कानुनमन्त्री चौरसिया

**मधेशदृष्टि**
**वीरगंज ।**
कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले अन्य लोकतान्त्रिक मुलुकमा जस्तै नेपालमा पनि अग्रिम जमानतको कानुन प्रबन्ध गर्न लागेको बताएका छन् । वीरगंज उद्योग वाणिज्य सङ्घको ४९औँ वार्षिक साधारणसभाको उद्घाटन गर्दै मन्त्री चौरसियाले अग्रिम जमानतको कानुनी प्रबन्ध गर्नका लागि आवश्यक तयारी भइरहेको जानकारी दिए । 'अग्रिम जमानतको कानुन निर्माणका लागि आवश्यक प्रक्रिया अघि बढिरहेको छ', उनले भने, 'व्यापारी तथा व्यवसायीले उठाउँदै आउनुभएका जसोतसो मागलाई अग्रिम जमानतको कानुनले सम्बोधन गर्ने अपेक्षा लिएका छौँ ।'

मन्त्री चौरसियाले अग्रिम जमानतको कानुनले आर्थिक अपराध गर्नेलाई कैद सजायभन्दा पनि आर्थिक जरिवानालगायत पक्षलाई समेट्नेगरी बनाइने बताए । 'प्रतिनिधिसभा र राष्ट्रियसभाबाट सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश हालसालै स्वीकृत भइसकेको छ', उनले भने, 'सो ऐनले पनि मुलुकको खस्किएको अर्थतन्त्रलाई उकास्ने अपेक्षा राखेका छौँ ।'

मन्त्री चौरसियाले मधेश आन्दोलनबाट सबैभन्दा धेरैक्षति वीरगंजको औद्योगिक तथा व्यापारिक क्षेत्रले भोगेको बताए । 'मधेश आन्दोलनका कारण सबैभन्दा धेरै क्षति वीरगञ्जको औद्योगिक र व्यापारिक क्षेत्रले बेहोर्नु प¥यो', उनले भने । नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष हेमराज ढकालले मुलुकमा अवैध चोरीतस्करीलाई नियन्त्रण गरेर वैध व्यापारलाई प्रोत्साहन गर्नुपर्ने बताए । वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले भन्सार प्रशासनलाई पारदर्शी र व्यवस्थित गर्ने जमर्को गर्दै आइरहेको बताए । पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले व्यापारी र कर्मचारी दुवैमा आर्थिक अनुशासन कायम गरेमात्रै सुशासन कायम गर्न सकिने बताए । वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले सरकारको अव्यवहारिक कानुन र ऐनकै कारण वैधभन्दा पनि अवैध कारोबारले प्रश्रय पाइरहेकाले नियन्त्रण गर्न जरूरी रहेको औंल्याए ।

'सरकारले स्वदेशी उद्योग, व्यवसायसहित विदेशी लगानी प्रवद्र्धन गर्न उचित ऐन, कानुन र नीति दिन सकेको छैन', उनले भने, 'व्यवहारिक खालको कानुनको अभावमा मुलुकमा अवैध व्यापारले फस्टाउने मौका पाइरहेको छ । यसलाई तत्कालै नियन्त्रण गर्न जरूरी छ ।' मधेश प्रदेश सांसद श्याम पटेलले सरकारले औद्योगिक वातावरण बनाएर उद्योगभन्दा फस्टाउने मौका दिनुपर्ने बताए । वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतमले आर्थिक मन्दी र अन्य कारणले उद्योगी व्यवसायीको मनोबल खस्किएकाले उकास्ने खालको नीति अवलम्बन गर्न अनुरोध गरे । नेपाल उद्योग वाणिज्य महासङ्घ मधेश प्रदेशका अध्यक्ष अशोककुमार टेमानी, नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य सुवोधकुमार गुप्ताले मुलुकको अर्थतन्त्र खस्किएको व्यवसायलाई उकास्ने खालको नीति अवलम्बन गर्न अनुरोध गरे ।

**रासस कर्मी लम्साल सम्मानित**

वीरगंज उद्योग वाणिज्य सङ्घले आफ्नो ४९औँ वार्षिक साधारणसभाको अवसरमा पत्रकारिता क्षेत्रमा विशिष्ट योगदान पु¥याएको भन्दै राष्ट्रिय समाचार समिति (रासस) वीरगंज कार्यालय प्रमुख हिमाल लम्साललाई सम्मान गरेको छ । सङ्घले रासस वीरगंज कार्यालय प्रमुख लम्सालले पत्रकारितामार्फत पर्सा–बारा क्षेत्रका उद्योग, वाणिज्य, अर्थ र विकाससँग सम्बन्धित विषयका साथै सामाजिक जीवनका समग्र पक्षमा सशक्त ढङ्गले उजागर गरेको भन्दै सम्मान गरेको हो । कानुन, न्याय र संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया र वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले सम्मानपत्रसहित गम्छा ओढाएर सम्मान गरे । वार्षिक साधारणसभाको अवसरमा आर्थिक वर्ष २०८०/८१ मा भारततर्फ सबैभन्दा धेरै समान निर्यात गर्ने क्रमशः डाबर नेपाल, जगदम्बा स्टिल, हुलास स्टिललाई पनि सम्मान गरेको छ । त्यसैगरी आव २०८०/८१ मा तेस्रो मुलुकमा सबैभन्दा धेरै निर्यात गर्ने क्रमशः त्रिवेणी स्पिनिङ मिल्स, शिवशक्ति दालमिल उद्योग र मरियम लेदरलाई पनि सम्मान गरिएको छ । सङ्घले युवा उद्यमीतर्फ सुमित झुनझुनवाला, महिला उद्यमीतर्फ आकृति अग्रवाललाई पनि सम्मान गरेको छ । सङ्घमा दीर्घ सेवा गरेका पूर्व कर्मचारी अरूणकुमार बर्मा, हेमशङ्करलाल कर्ण र श्यामसुन्दर धामीलाई पनि सोही कार्यक्रममा सम्मान गरिएको छ । त्यस्तै खुलकुद क्षेत्रमा योगदान पु¥याएको भन्दै करण यादवलाई पनि सम्मान गरेको थियो । सामाजिक सेवामा सक्रिय आशाकिरण केन्द्रलाई पनि सम्मान गरिएको थियो ।

# रिंकु सदाय मृत्यु प्रकरणमा पक्राउ पर्नेको संख्या १० पुग्यो

**मधेशदृष्टि**
**लहान ।**
सिरहाकी किशोरी रिंकुकुमारी सदायको मृत्यु प्रकरणमा पक्राउ पर्नेको संख्या १० पुगेको छ ।१३ फागुनमा सिरहाको नवराजपुर गाउँपालिका–१ भगवतीपुर गाउँका ८४ वर्षीय चन्द्रेश्वर मण्डल, ४५ वर्षीय रामविनोद मण्डल र ४५ कमलेशकुमार दासलाई पक्राउ गरेर अनुसन्धान शुरु गरेको प्रहरीले अहिलेसम्म १० जना अभियुक्त पक्राउ गरेको छ । उनीहरू पक्राउ परेको एक सातापछि २१ फागुनका घटनाका मुख्य अभियुक्त रुपेश मण्डललाई जिल्ला प्रहरी कार्यालय सिरहाको टोलीले पक्राउ गरेको थियो । भारतीय प्रहरीको सहयोगमा मण्डललाई भारतबाट पक्राउ गरेर सिरहा ल्याइएको थियो । त्यसपछि पनि थप ६ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख प्रहरी उपरीक्षक (एसपी) रमेश पण्डितले बताए । उनीहरूसँगै पक्राउ पर्नेमा वडा सदस्य नथुनी साह, रामकृपाल साह, विन्देश्वर साह, राजेन्द्र मण्डल, रामदेव सदाय र करिया मुसहरलाई पक्राउ गरिएको एसपी पण्डितले बताए ।

# बौधीमाई मन्दिरको पुनर्निर्माण तथा सौन्दर्यकरण शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर १० आदर्शनगरमा रहेको धार्मिक आस्थाको केन्द्र स्थित ऐतिहासिक बौधीमाई मन्दिरको पुनर्निर्माण तथा सौन्दर्यकरणको काम शुरु गरिएको छ । झण्डै सय बर्ष पुरानो बौधीमाई मन्दिर जीर्ण अवस्थामा रहेको र मर्मतसम्भारको अभावका कारण ओझेलामापनि पर्न थालेपछि वीरगंज महानगरपालिका वडा नम्बर १० का वडाध्यक्ष सुशील साह कानुले वडास्तरीय बजेटबाट मन्दिरको पुर्ननिर्माण गरेर सौन्दर्यकरण गर्न थाल्नु भएको हो । बुधबार हिन्दू धार्मिक रितिरिवाज अनुसार पूजापाठ गरेर मन्दिरको पुर्ननिर्माण र सौन्दर्यकरणको काम सुभारम्भ गरिएको वडाध्यक्ष कानुले बताए । मन्दिरको पुर्ननिर्माण र सौन्दर्यकरणका लागि वडाबाट २४ लाख ९७ हजार ६१२ रुपैयाँ बजेट विनियोजन गरिएको उनले जानकारी गराए । उक्त रकमबाट बौधीमाईको मुख्य मन्दिरको नयाँ संरचना निर्माण, मन्दिर परिसरको सौन्दर्यकरण लगायतका काम गरिने बताए ।

होलीको शुभकामना
खोज्नुहोस् भ्रातृत्व र सद्भाव रंगहरुमा
रंगिनुहोस् समुदायमै खुशीमा, उमंगमा
बितोस् होली हर्ष एवम् उल्लासमा
बध गरौँ अभिमान र घमण्डको समाजमा ।
खुलेर रमाऔँ, हामी रमाउँदा
अरुलाई अप्ठेरोमा नपारौँ ।
कानूनी सीमाहरुमा रहेर रंग दलौँ,
यो समय खुशीमा बदलौँ ।
रंगहरुको महोत्सव होलीको
धेरैधेरै शुभकामना ।
बशिष्ट नारायण प्रसाद
अध्यक्ष
कालिकामाई गाउँपालिका

होलीको शुभकामना
खोज्नुहोस् भ्रातृत्व र सद्भाव रंगहरुमा
रंगिनुहोस् समुदायमै खुशीमा, उमंगमा
बितोस् होली हर्ष एवम् उल्लासमा
बध गरौँ अभिमान र घमण्डको समाजमा ।
खुलेर रमाऔँ, हामी रमाउँदा
अरुलाई अप्ठेरोमा नपारौँ ।
कानूनी सीमाहरुमा रहेर रंग दलौँ,
यो समय खुशीमा बदलौँ ।
रंगहरुको महोत्सव होलीको
धेरैधेरै शुभकामना ।
यशवन्त यादव
अध्यक्ष
सखुवाप्रसौनी गाउँपालिका

खोज्नुहोस्
भ्रातृत्व र सद्भाव रंगहरुमा
रंगिनुहोस् समुदायमै खुशीमा, उमंगमा
बितोस् होली हर्ष एवम् उल्लासमा
बध गरौँ अभिमान र घमण्डको समाजमा ।
खुलेर रमाऔँ, हामी रमाउँदा अरुलाई अप्ठेरोमा नपारौँ ।
कानूनी सीमाहरुमा रहेर रंग दलौँ, यो समय खुशीमा बदलौँ ।
रंगहरुको महोत्सव होलीको
धेरैधेरै शुभकामना ।
दिनेश चौधरी
अध्यक्ष
पटेर्वासुगौली गाउँपालिका

होलीको शुभकामना
खोज्नुहोस् भ्रातृत्व र सद्भाव रंगहरुमा
रंगिनुहोस् समुदायमै खुशीमा, उमंगमा
बितोस् होली हर्ष एवम् उल्लासमा
बध गरौँ अभिमान र घमण्डको समाजमा ।
खुलेर रमाऔँ, हामी रमाउँदा
अरुलाई अप्ठेरोमा नपारौँ ।
कानूनी सीमाहरुमा रहेर रंग दलौँ,
यो समय खुशीमा बदलौँ ।
रंगहरुको महोत्सव होलीको
धेरैधेरै शुभकामना ।
प्रद्युम्न प्रसाद चौहान
नगर प्रमुख
पोखरीया नगरपालिका पर्सा

खोज्नुहोस्
भ्रातृत्व र सद्भाव रंगहरुमा
रंगिनुहोस् समुदायमै खुशीमा, उमंगमा
बितोस् होली हर्ष एवम् उल्लासमा
बध गरौँ अभिमान र घमण्डको समाजमा ।
खुलेर रमाऔँ, हामी रमाउँदा अरुलाई अप्ठेरोमा नपारौँ ।
कानूनी सीमाहरुमा रहेर रंग दलौँ, यो समय खुशीमा बदलौँ ।
रंगहरुको महोत्सव होलीको
धेरैधेरै शुभकामना ।
आर्या फार्मास्यूटिकल्स
बीरगंज, पर्सा

होलीको शुभकामना
खोज्नुहोस् भ्रातृत्व र सद्भाव रंगहरुमा
रंगिनुहोस् समुदायमै खुशीमा, उमंगमा
बितोस् होली हर्ष एवम् उल्लासमा
बध गरौँ अभिमान र घमण्डको समाजमा ।
खुलेर रमाऔँ, हामी रमाउँदा
अरुलाई अप्ठेरोमा नपारौँ ।
कानूनी सीमाहरुमा रहेर रंग दलौँ,
यो समय खुशीमा बदलौँ ।
रंगहरुको महोत्सव होलीको
धेरैधेरै शुभकामना ।
म्याग्नस फार्मास्यूटिकल्स
बीरगंज, पर्सा

होलीको शुभकामना
खोज्नुहोस् भ्रातृत्व र सद्भाव रंगहरुमा
रंगिनुहोस् समुदायमै खुशीमा, उमंगमा
बितोस् होली हर्ष एवम् उल्लासमा
बध गरौँ अभिमान र घमण्डको समाजमा ।
खुलेर रमाऔँ, हामी रमाउँदा
अरुलाई अप्ठेरोमा नपारौँ ।
कानूनी सीमाहरुमा रहेर रंग दलौँ,
यो समय खुशीमा बदलौँ ।
रंगहरुको महोत्सव होलीको
धेरैधेरै शुभकामना ।
क्वेष्ट फार्मास्यूटिकल्स
बीरगंज, पर्सा

होलीको शुभकामना
खोज्नुहोस् भ्रातृत्व र सद्भाव रंगहरुमा
रंगिनुहोस् समुदायमै खुशीमा, उमंगमा
बितोस् होली हर्ष एवम् उल्लासमा
बध गरौँ अभिमान र घमण्डको समाजमा ।
खुलेर रमाऔँ, हामी रमाउँदा
अरुलाई अप्ठेरोमा नपारौँ ।
कानूनी सीमाहरुमा रहेर रंग दलौँ,
यो समय खुशीमा बदलौँ ।
रंगहरुको महोत्सव होलीको
धेरैधेरै शुभकामना ।
सिता हस्पिटल प्रा.लि.
बीरगंज, पर्सा

होलीको शुभकामना
खोज्नुहोस् भ्रातृत्व र सद्भाव रंगहरुमा
रंगिनुहोस् समुदायमै खुशीमा, उमंगमा
बितोस् होली हर्ष एवम् उल्लासमा
बध गरौँ अभिमान र घमण्डको समाजमा ।
खुलेर रमाऔँ, हामी रमाउँदा
अरुलाई अप्ठेरोमा नपारौँ ।
कानूनी सीमाहरुमा रहेर रंग दलौँ,
यो समय खुशीमा बदलौँ ।
रंगहरुको महोत्सव होलीको
धेरैधेरै शुभकामना ।
प्रभु हस्पिटल प्रा.लि.
बीरगंज, पर्सा

होलीको शुभकामना
खोज्नुहोस् भ्रातृत्व र सद्भाव रंगहरुमा
रंगिनुहोस् समुदायमै खुशीमा, उमंगमा
बितोस् होली हर्ष एवम् उल्लासमा
बध गरौँ अभिमान र घमण्डको समाजमा ।
खुलेर रमाऔँ, हामी रमाउँदा
अरुलाई अप्ठेरोमा नपारौँ ।
कानूनी सीमाहरुमा रहेर रंग दलौँ,
यो समय खुशीमा बदलौँ ।
रंगहरुको महोत्सव होलीको
धेरैधेरै शुभकामना ।
नारायणी आँखा अस्पताल
बीरगंज, पर्सा

खोज्नुहोस्
भ्रातृत्व र सद्भाव रंगहरुमा
रंगिनुहोस् समुदायमै खुशीमा, उमंगमा
बितोस् होली हर्ष एवम् उल्लासमा
बध गरौँ अभिमान र घमण्डको समाजमा ।
खुलेर रमाऔँ, हामी रमाउँदा अरुलाई अप्ठेरोमा नपारौँ ।
कानूनी सीमाहरुमा रहेर रंग दलौँ, यो समय खुशीमा बदलौँ ।
रंगहरुको महोत्सव होलीको
धेरैधेरै शुभकामना ।
संजिविनी डाईग्नोष्टिक सेन्टर
बीरगंज, पर्सा

होलीको शुभकामना
खोज्नुहोस् भ्रातृत्व र सद्भाव रंगहरुमा
रंगिनुहोस् समुदायमै खुशीमा, उमंगमा
बितोस् होली हर्ष एवम् उल्लासमा
बध गरौँ अभिमान र घमण्डको समाजमा ।
खुलेर रमाऔँ, हामी रमाउँदा
अरुलाई अप्ठेरोमा नपारौँ ।
कानूनी सीमाहरुमा रहेर रंग दलौँ,
यो समय खुशीमा बदलौँ ।
रंगहरुको महोत्सव होलीको
धेरैधेरै शुभकामना ।
बीरगंज उद्योग वाणिज्य संघ
बीरगंज, पर्सा

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन